


# बालमैत्री विद्यालय र बालबालिकाको भूमिका

## तालिम निर्देशिका

समाजसेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)
Children and Women in Social Services & Human Rights (CWISH)

त्रिरत्न मार्ग, बुद्धनगर-१०, काठमाडौं, नेपाल
पोष्ट बक्स नं. २१४३३, फोन : +९७७-१-४७८४५४५, ४७८१३८६,
फ्याक्स : +९७७-१-४७८१३८६, इमेल: info@cwish.org.np,
वेब: www.cwish.org.np

# बालमैत्री विद्यालय र बालबालिकाको भूमिका
(तालिम निर्देशिका)


**सल्लाहकार** : शान्ती अधिकारी, विमला ज्ञवाली, सरोज के.सी

**सम्पादक** : रमेशकुमार पौडेल

**लेखन** : कमल चापागाईँ

**संयोजन** : महिमा प्रधान
नुतन शर्मा



**प्रतिलिपि अधिकार©** : समाजसेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)



**प्रकाशन मिति** : सन् २०१५

**लेआउट/डिजाईन** : रमेश भण्डारी, भिम प्रसाद न्यौपाने 'दिपेश'

प्रकाशन सहयोग : EveryChild.

ISBN : 978-99337-9080-1-6

# विषय-सूची

पेज नं.

भूमिका

खण्ड १ — १

निर्देशिकाको परिचय — १

खण्ड २ — ५

सेसन १ : स्वागत तथा परिचय — ५

सेसन २ : अपेक्षा संकलन र उद्देश्य प्रस्तुत — ५

सेसन ३ : नीति नियम निर्माण — ६

सेसन ४ : विद्यालयमा बालअधिकार र बालमैत्री विद्यालय — ६

सेसन ५ : बालमैत्री विद्यालय — ८

सेसन ६ : बालमैत्री विद्यालयको प्रभावकारीता — १०

सेसन ७ : समावेशीकरण — १४

सेसन ८ : विद्यालयमा सहभागिता — १८

सेसन ९ : स्वास्थ्य, सुरक्षा र बचाउ — २२

सेसन १० : शिक्षण सिकाई प्रक्रियामा बालबालिकाको सहभागिता — २५

सेसन ११ : विद्यालयमा बालक्लब र बालक्लबमा प्रजातान्त्रिक अभ्यास — २७

## भूमिका

विद्यालय शैक्षिक जनशक्ति उत्पादन गर्ने थलो हो । राज्यका लागि सक्षम जागरुक जनशक्ति तयार गर्ने प्रमुख आधारहरूमध्येको एउटा आधार प्रभावकारी शिक्षण सिकाइ हो । प्रभावकारी शिक्षण सिकाइका लागि बालमैत्री विद्यालय एउटा महत्वपूर्ण सर्त हो । विद्यालयलाई बालमैत्री विद्यालयको रूपमा विकास गर्नका लागि आवश्यक स्रोत साधनको अतिरिक्त शिक्षक, अभिभावकहरूको भूमिकाकासाथै स्वयं बालबालिकाको पनि उल्लेख्य भूमिका हुने गर्दछ । यस सन्दर्भमा बालबालिकाको के कस्ता भूमिका हुन्छन् । त्यसलाई बालबालिकालाई कसरी भूमिका निभाएका खण्डमा विद्यालयलाई बालमैत्री विद्यालयको रूपमा विकास गर्न सकिन्छ ? यदि विद्यालयको शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउनका लागि बालबालिकाले सकारात्मक भूमिका खेलेनन् भने विद्यालयलाई बालमैत्री बनाउने योजना पूरा हुन सक्दैन । विद्यालयलाई बालमैत्री बनाउनका लागि सरकारबाट गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप पनि तयार गरिसकेको छ । यसको व्यवहारिक कार्यान्विनका लागि यसबारेमा बालबालिकाहरूलाई पनि सहजीकरण गर्नु पर्ने उत्तिकै आवश्यकता छ । यही आवश्यकतालाई पूरा गर्ने उद्देश्यले सिविसले यो निर्देशिका तयार गरेको हो ।

यस निर्देशिका भित्र नेपाल सरकारद्वारा तयार भएको गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूपमा उल्लेखित सूचकहरूलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । यस निर्देशिकामा ती विषयवस्तुहरूलाई क्रियाकलापमुखी बनाएको छ । क्रियाकलापमुखी भएका कारण यसले विषयवस्तुहरूको ज्ञान, धारणा र सीप विकास गर्न सहभागीहरूलाई सक्रिय बनाउने छ । यसमा उल्लेखित विषयवस्तुहरू र त्यसका क्रियाकलापहरूलाई स्पष्ट बुझाइ र सीप विकास गर्न लक्षित समूहका सहजकर्ताहरूलाई अभ्यस्त गर्ने अवसर र वातावरण आवश्यक हुन्छ । प्रशस्त अभ्यास र वातावरणले मात्र अपेक्षित सन्देश तथा व्यवहारहरू लक्षित समूहमा प्रतिविम्बित हुन सक्छन् । यो निर्देशिका नेपाल सरकारको नीति अनुरूप विद्यालयलाई गुणस्तरीय र बालमैत्री बनाउने कार्यमा विद्यार्थीको भूमिकालाई सार्थक बनाउने अभियानमा सहयोग सिद्ध हुन्छ भन्ने विश्वास गरिएको छ ।

अन्त्यमा निर्देशिका लेखन कार्य गरी सहयोग गर्नुहुने कमल चापागाईं, सम्पादन कार्यमा सहयोग गर्ने रमेशकुमार पौडेल तथा निर्देशिकाको साजसज्जा तयार पार्नु हुने रमेश भण्डारी र भिम प्रसाद न्यौपाने ‘दिपेश’लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अध्यक्ष
विमला ज्ञवाली

# खण्ड १

## निर्देशिकाको परिचय

यो निर्देशिका विद्यालयमा अध्ययनरत बालबालिका, बालक्लबमा सक्रिय रहेका बालबालिकाहरुलाई सहजीकरण गर्न तयार पारिएको निर्देशिका हो । यस निर्देशिका भित्र नेपाल सरकारद्धारा तयार भएको गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुपमा उल्लेखित सूचकहरुलाई विषयवस्तुको रुपमा प्रस्तुत गरिएको छ। यस निर्देशिकामा ती विषयवस्तुहरुलाई क्रियाकलापमुखी बनाएको छ । क्रियाकलापमुखी भएका कारण यसले विषयवस्तुहरुको ज्ञान, धारणा र सीप विकास गर्न सहभागीहरुलाई सक्रिय बनाउने छ । यसमा उल्लेखित विषयवस्तुहरु र त्यसका क्रियाकलापहरुलाई स्पष्ट बुझाइ र सीप विकास गर्न लक्षित समूहका सहजकर्ताहरुलाई अभ्यस्त गर्ने अवसर र वातावरण आवश्यक हुन्छ । प्रशस्त अभ्यास र वातावरणले मात्र अपेक्षित सन्देश तथा व्यवहारहरु लक्षित समूहमा प्रतिविम्बित हुन सक्छन् । यो निर्देशिका नेपाल सरकारको नीति अनुरुप विद्यालयलाई गुणस्तरीय र बालमैत्री बनाउने कार्यमा विद्यार्थीको भूमिकालाई सार्थक बनाउने अभियानमा सहयोग सिद्ध हुन्छ भन्ने विश्वास गरिएको छ ।

### निर्देशिकाको प्रयोग

यस निर्देशिकाले सहजकर्ता वा प्रशिक्षकलाई निर्देशित गरेको छ भने यसको लक्षित समूह विद्यालयमा अध्ययनरत बालबालिकाहरु हुन् । यस निर्देशिकामा उल्लेख गरिएका विषयवस्तु र त्यसभित्रका क्रियाकलापहरु गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुपमा उल्लेखित सूचकहरुको आधारमा तयार पारिएको हो । विद्यालयलाई बालमैत्री बनाउन विद्यालय र बालबालिकाको भूमिकालाई त्यसले सिलसिलेवार ढंगले विषयवस्तुको प्रस्तुत गरेको छ। यस निर्देशिका प्रयोग गर्दा विषयवस्तु र प्रस्तुतीकरण सहभागीको स्तर, क्षमता, रुचि, आवश्यकता र परिस्थिती अनुकूल हुनुपर्दछ । यस निर्देशिकामा भएका विषयवस्तुहरु तालिम वा अनौपचारिक छलफलबाट पनि गर्न सकिन्छ । तालिमलाई प्रभावकारी बनाउन २० जना देखि २५ जनासम्मको समूह प्रभावकारी हुन्छ । प्रशिक्षकले जुनसुकै विधिको प्रयोग गरेता पनि क्रियाकलापहरुलाई सिलसिलेवार ढंगबाट प्रयोग गर्नु पर्दछ ।

### निर्देशिकाको ढाँचा वा संरचना

यस निर्देशिकामा विद्यालयलाई बालमैत्री विद्यालय बनाउन अपरिहार्य सात ओटा प्रमुख विषयवस्तुहरु समावेश गरिएका छन् । यसको प्रत्येक विषयवस्तु सहजीकरण गर्दा लाग्ने समय, प्रयोग हुने विधिहरु, क्रियाकलाप र सन्दर्भ सामग्रीहरु उल्लेख गरिएको छ । यो निर्देशिका प्रयोग गर्दा सहजकर्ताले दिइएका क्रियाकलाप र विषयवस्तुको उद्देश्यलाई विशेष ध्यान दिनु पर्दछ ।

### सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरु

यो निर्देशिकाको प्रयोगकर्ता भनेकै सहजकर्ता हो । यस निर्देशिकाले सहजकर्ता भन्नाले तालिम सञ्चालन गर्ने व्यक्ति वा प्रशिक्षक, तालिम आयोजना गर्ने संस्था वा समूहलाई बुझाउँछ । सहजकर्ताले यो निर्देशिकामा आधारित रही तालिम

सञ्चालन गर्नु पूर्व माथि उल्लेख गरिएका विधि र तिनको उपयोगिताहरुको बारेमा गहन अध्ययन गरी यसका सही प्रयोग गर्न सक्नुपर्दछ ।

**क) तालिम व्यवस्थापन**

तालिमको सफलताको तालिमको व्यवस्थापनमा निर्भर रहन्छ । तालिमको व्यवस्थापन भन्ने वित्तिकै तालिम सञ्चालन हुने स्थान, सहभागीहरु, बसाइको व्यवस्था, तालिम सामग्री, खाजा वा खाना आदिको प्रबन्धलाई बुझ्नु पर्दछ । तालिम सञ्चालन हुनु पूर्व यी सबै कुराको व्यवस्थापन गर्नुपर्दछ । यस्ता कुराहरुमा सहभागीहरुले अभाव वा असहज महसुस गरेको अवस्थामा तालिमको विषयवस्तुमा ध्यान केन्द्रीत गर्न सक्दैनन् । त्यसैले तालिम पूर्व नै तालिममा व्यवस्थित गर्नुपर्ने कुराको सूचि तयार गरी काम गर्नु उत्तम हुन्छ । तालिम व्यवस्थापनका लागि निम्न कुराहरुको सूचि बनाउन सकिन्छ :

- तालिममा सहभागी हुनेहरुको संख्या (सम्भव भएसम्म नामावली र सम्पर्क नम्बर)
- तालिममा मा प्रयोग हुने पर्याप्त सामग्रीहरु तयार भए नभएको
- तालिम कक्षमा सहभागीहरुको बसाई (तालिम कक्ष धेरै ठूलो वा धेरै सानो भएमा तालिम प्रभावकारी हुँदैन)
- यातायातको साधनको प्रयोग गर्नुपर्ने भएमा त्यसको व्यवस्था
- तालिम समयमा चिया नास्ताको तयारी
- श्रव्यदृष्यको व्यवस्था
- उपकरणहरु (प्रोजेक्टर, सेतो पाटी, मार्कर आदि) को व्यवस्था
- प्राथमिक उपचार सामग्री
- अभिलेखिकरण (प्रतिवेदन लेख्ने व्यक्ति, प्रतिवेदन बुझाउने मिति)को तयारी, फोटोकपी, सहभागीलाई अध्ययन सामग्री उपलब्ध गराउने व्यवस्था

**ख) सहजकर्ताको दैनिक तयारी**

विषयवस्तुको उद्देश्य पूरा गर्न सहज बनाउन सहजकर्ताको दैनिक तयारी महत्वपूर्ण हुन्छ । त्यसैले सहजकर्ताले तालिमको क्रममा दैनिक तयारीलाई विशेष महत्वका साथ कार्य सम्पादन गर्नु पर्दछ ।

दैनिक तयारी गर्दा अघिल्लो दिनको विषयवस्तु, प्रशिक्षण विधि, सहभागीहरुको सहभागिता र सिकाई उपलब्धिलाई आधार बनाउन सकेमा अझ प्रभावकारी सत्र सञ्चालन गर्न सकिन्छ । सहजकर्ताले विषयवस्तु, त्यसका सम्बन्धमा निर्देशिकामा दिइएका क्रियाकलाप, प्रयोग हुने विधि आदिको बारेमा स्पष्ट हुनु पर्दछ । प्रत्येक विषयवस्तु र त्यसमा प्रयोग हुने विधिको लागि आवश्यक पर्ने सामग्रीहरुको व्यवस्था भए नभएको निक्र्यौल गर्नु पर्दछ ।

**ग) समय व्यवस्थापन**

तालिम सञ्चालनको क्रममा समयको सही व्यवस्थापन हुन नसकेको अवस्थामा तालिमको व्यवस्थापन वा तालिम सञ्चालनमा नकारात्मक प्रभाव पर्दछ । छोटो समयमा रमाइलो तरिकाले धेरै भन्दा धेरै सिकाई उपलब्धि हासिल गर्नु तालिमको लक्ष्य रहेको हुन्छ । यसका लागि विषयवस्तुमा उल्लेखित समयमा सत्र पूरा गर्न उपयुक्त तरिका, सामग्री, प्रस्तुतीकरणको छनौट गर्नुपर्ने हुन्छ । अवधारणात्मक कुरा र दोहोरिएका क्रियाकलापहरु तथा प्रक्रियाहरुलाई सकेसम्म छोटो वा कम समयमा गर्नुपर्ने हुन्छ । यस निर्देशिकाका क्रियाकलापहरुमा छुट्याइएको समय सामान्य अड्कल मात्र हो । वास्तविक समय त सहभागीहरुको स्तर, क्षमता र विषयवस्तुहरुको प्रकृतिका आधारमा धेरै वा थोरै लाग्न सक्छ । सहयको व्यवस्थापन गर्ने कुरामा सहजकर्ताहरुले माथिका कुराहरुलाई आधार बनाएर निर्धारित समयभन्दा बढी वा कम

लगाउन सक्नुहुन्छ । तालिमको समयलाई सही व्यवस्थापन गर्न निम्न उपायहरु अपनाउन सकिन्छ :

- तोकिएको समयमा सुरु गर्ने
- छलफलको विषयवस्तुलाई अन्यत्र जान नदिने
- वर्णन गर्नका लागि धेरै समय खर्च नगर्ने
- क्रियाकलापको प्रक्रिया र योजनाका कामहरु तालिम कक्षमा प्रवेश गर्नु पूर्व नै सम्पादन गर्ने ।
- तोकिएको समयमा कक्षा समाप्त गर्ने ।

**घ) तालिमको सुरुवात**

- सबै सहभागीहरु उपस्थित भएको निक्यौंल गर्ने ।
- सबैलाई स्वागत गर्ने र तालिमको उद्देश्यको बारेमा सहभागीलाई स्पष्ट पार्ने ।
- सहभागीलाई आफूले कुनै पनि ठूलो समस्या ब्योहोर्नु नपर्ने तर आएका समस्यालाई सामुहिक प्रयासबाट समाधान गर्ने प्रयास गरिने कुरा बताउने ।
- तालिमको सम्बन्धित विषयवस्तुको बारेमा सहभागीलाई स्पष्ट पार्ने र तालिम अवधिभर सिक्ने सिकाउने क्रम हुने कुरा बताउने ।
- विषयवस्तुमा प्रवेश गर्दा विषयवस्तुसँग सम्बन्धित खेल, कथा वा अन्य मनोरञ्जनात्मक क्रियाकलाप गराउने ।
- समय समयमा मनोरञ्जनात्मक क्रियाकलाप गराउने ।

ङ) तालिमको स्थगन वा अन्त्य

दिनभरीको छलफलमा भएका अस्पष्ट सवालहरु वा विषयवस्तु भएमा पुनःस्मरण गर्ने मौका दिने ।

पछिल्लो दिनमा अझ बढि सहभागिता, सिकाइका लागि उत्साहित गर्ने ।

सहभागीहरुमा दिनभरीका क्रियाकलापहरुले अल्छिपना बनाएको छ भने केही उत्प्रेरणा जगाउने ।

सबैको सक्रिय सहभागिताको लागि धन्यवाद दिने ।

**च) यस निर्देशिकामा दिइएका** विषयवस्तुहरु बालबालिकाका लागि अल्छि लाग्ने हुन सक्छ । यस्तो परिस्थिती आएमा तलिम प्रभावकारी नहुन पनि सक्छ । त्यसैले सहजकर्ताले प्रत्येक समय विचार पुर्‍याएर सहजीकरणको प्रक्रियालाई अघि बढाउनु पर्दछ । सहजकर्ताले प्रत्येक विषयवस्तुको क्रियाकलाप पूरा गरिसकेपछि अर्को विषयवस्तुमा प्रवेश गर्दा त्यसको सम्बन्ध जोड्न सहभागीहरुसँग छलफल गर्ने गर्नुपर्दछ । सहभागीहरुलाई क्रियाकलापहरु बीचको सम्बन्ध थाहा भएन भने विषय बदल्ने बित्तिकै असजिलो महसुस हुन सक्छ । कहिले काहीँ भने एउटा विषयवस्तु पूरा गरिसकेपछि केही मनोरञ्जनात्मक क्रियाकलाप पनि गराउन सकिन्छ ।

**छ) सहजकर्ताका लागि केही जुक्तिहरु**

- तालिमलाई रोचक र सहभागीमूलक बनाउनुका साथै सहभागीहरूलाई विषयमा छलफल गर्ने वातावरणको सृजना गर्न र सहभागीहरूको ध्यान केन्द्रित गर्न तालिमको सेसन शुरु गर्नु पूर्व सबै जना सहभागीहरूको समान सहभागिता रहने गरी कुनै रमाइलो क्रियाकलाप गराउनु राम्रो हुन्छ । (जस्तैः गीत, कविता, खेल आदि)
- सहभागीहरूलाई तालिमको उद्देश्य र छलफलमा आउने विषयवस्तुहरूको बारेमा स्पष्ट जानकारी दिनु पर्दछ ।
- विषयवस्तुहरूको प्रस्तुती र छलफलपश्चात् सो बारे सहभागीहरूको बुझाइको स्तर कस्तो रह्यो, उनीहरूको लागि उपयोगी भयो भएन वा सो विषयबारे सहभागीहरूको धारणा पत्ता लगाउने । यसको लागि प्रश्नोत्तर वा अन्य कुनै विधिको प्रयोग गर्न सकिन्छ ।

- यस तालिमको अघिल्लो सेसन सँग पछिल्लो सेसन जोडिएर जान्छन् भन्ने कुरामा सहजकर्ता सचेत हुनु पर्छ। त्यसैले पछिल्लो सेसन शुरु गर्नु पूर्व अघिल्लो सेसन र यस यस सेसनको विषयवस्तु बीचको सम्बन्ध बताउनु पर्छ।
- साथै यस सेसनको अन्त गर्ने समयमा यस सेसनमा के के विषवस्तुमा छलफल गरियो भनी संक्षेपीकरण गर्नुका साथै त्यस पछाडिको सेसनमा कुन विषयमा छलफल गरिन्छ सो को जानकारी गराउनु पर्छ। सहजकर्ताले ध्यान दिनुपर्ने मुख्य कुरा भनेको नै एक विषय र अर्को विषयबीचको सामिप्यता र औचित्यता दर्शाउनु हो।
- प्रत्येक विषयवस्तु र सहजकर्ताको लागि भनेर लेखिएको अन्तरसम्बन्ध स्पष्टसँग जोड्दै जानुपर्छ। जसबाट सहभागीलाई यी प्रत्येक विषवस्तु अलग हुन् र यिनीहरूबीच सम्बन्ध छैन भन्ने भान नपरोस्।
- तालिम हलमा जानुभन्दा पहिले यस निर्देशिकामा उल्लेख भएका क्रियाकलाप र विधिबारे पूर्व अभ्यास र तयारी गर्नुपर्छ।
- निर्देशिकामा उल्लेख भएका विधिहरूको प्रयोग गर्दा आफू पहिले प्रष्ट हुनुपर्छ।
- तालिम हलमा जानु पूर्व आफूलाई आवश्यक पर्ने सामग्रीहरू तयार पार्नुपर्छ र आफूले तयार पारेको सामग्रीहरू छुटे नछुटेको बारे जाँच गर्नुपर्छ।
- सहभागीलाई प्रश्न सोधिसकेपछि उत्तर सोच्नका लागि केही समय दिनुपर्छ। तुरुन्त अर्को प्रश्न सोध्ने वा आफैले उत्तर दिने गर्नु हुँदैन।
- समूह कार्य दिँदा समूह छलफल भइरहेको समयमा बीच बीचमा गएर छलफल कसरी अगाडि बढिरहेको छ नियमित अनुगमन गर्नुपर्दछ।
- प्रत्येक सहभागीलाई समान रुपमा सक्रिय सहभागी हुने विधिको छनौट गर्न सहजकर्ता स्वतन्त्र छ। त्यसैले त्यसता विधिहरूको प्रयोग गर्नुपर्छ। जस्तै : कम बोल्ने सहभागी।
- निर्धारित समय मै सेसन शुरु गर्नुपर्छ र निर्धारित समयमै सेसनको अन्त गर्नुपर्छ।

## खण्ड २

### सेसन १ : स्वागत तथा परिचय

उद्देश्यः

- सहभागी बालबालिकाहरु एकअर्काबिच परिचित गराउनु ।
- सहभागीहरुलाई अभिमुखिकरण कार्यक्रमको बारेमा जानकारी गराउनु ।

विधि : खेल

समय : ४५ मिनेट

क्रियाकलापः

- सहभागीलाई एक एक ओटा सेतो पेपर बाँड्ने ।
- सबैलाई आफ्नो नजिकको साथीले नदेख्ने गरी आफ्नो पासपोर्ट साइजको चित्र कोर्न लगाउने ।
- सबै सहभागीले चित्र तयार गरिसकेपछि सहजकर्ताले सबै चित्रहरु संकलन गर्ने ।
- सहभागलाई हामी साथहरुको बारेमा के के कुराहरु थाहा पाउने भन्ने प्रश्न गर्ने र सहभागीले भनेका कुराहरु न्यूजप्रिन्टमा टिप्ने । जस्तै : नाम, उमेर, ठेगाना, बालक्लब, रुची ।
- त्यसपछि अघि सहभागीले निर्माण गरेको चित्रहरु पुनः सहभागीलाई बाँड्ने । यसरी बाँड्दा आफ्नो चित्र परेमा त्यसलाई राखेर अर्को लिन लगाउने ।
- सबैको हातमा एक एक ओटा चित्र परेपछि सो चित्रको आधारमा साथी पत्ता लगाउन लगाउने ।
- सबैले आफ्नो आफ्नो साथी पत्ता लागे पछि न्यूजप्रिन्टमा लेखिएको कुराहरु थाहा पाउने गरी साथीसँग परिचय गरेर टिपोट गर्न लगाउने ।
- सबैले साथीसँग परिचय गर्ने काम सकिएपछि आफ्नो साथीको परिचय दिन लगाउने ।

### सेसन २ : अपेक्षा संकलन र उद्देश्य प्रस्तुत

उद्देश्य

- सहभागी बालबालिकाहरुले कार्यक्रमको उद्देश्य बारे जानकारी प्राप्त गर्नेछन् ।



विधि : समूह छलफल, प्रस्तुतीकरण

समय : ३० मिनेट

क्रियाकलापः

- सहभागीलाई चार समूहमा विभाजन गर्ने ।
- प्रत्येक समूहलाई एक एक ओटा न्यूजप्रिन्ट र प्रत्येक सहभागीलाई एक एक ओटा साइन पेन बाँड्ने ।

- समूहलाई दिइएको न्यूजप्रिन्टको बीचमा ठूलो गोलो रेखा बनाउन लगाउने र छेउमा धर्का कोर्न लगाउने । (छेउमा दिइएको चित्र जस्तो बनाउन लगाउने)
- यसरी चित्र कोर्दा समूहमा भएका सहभागी संख्या अनुसार कोठाको संख्या बढाउन सकिने कुरामा सहजकर्ता सजग रहने ।
- त्यसपछि सहभागीलाई छेउका कोठाहरुमा आफूले राखेको अपेक्षा १ वा २ वाक्यमा लेख्न लगाउने ।
- सबैले लेखिसकेपछि सबैको अपेक्षाहरुको एकीकृत रुप बीचको गोलो घेरामा लेख्न लगाउने ।
- सबैले समूह कार्य सकिसकेपछि बिचको गोलोमा भएको कुरा प्रस्तुती गर्न लगाउने ।
- समूहको प्रस्तुतीकरण सकिएपछि सहजकर्ताले कार्यक्रमको उद्देश्यको बारेमा स्पष्ट पार्ने ।
- यसरी उद्देश्य बताउदा सहभागीले राखेका अपेक्षाहरुमध्ये छलफलमा नआउने विषयवस्तु भएमा त्यसबारेमा पनि स्पष्ट पार्ने ।

## सेसन ३ : नीति नियम निर्माण

उद्देश्यः
- सहभागी बालबालिकाहरुले कार्यक्रम अवधिको लागि आचारसंहिता निर्माण गरी लागू गर्नेछन् ।

विधि : प्रश्नोत्तर, टिपोट

समय : १५ मिनेट

क्रियाकलापः
- सहजकर्ताले दुई ओटा न्यूजप्रिन्ट भित्तामा टाँस्ने र एउटामा “कार्यक्रम अवधिमा गर्ने” र अर्कोमा “कार्यक्रम अवधिमा नगर्ने” भनी लेख्ने ।
- त्यसपछि सहभागीहरुमाझ कार्यक्रम अवधिमा के गर्ने ? के नगर्ने ? भनी छलफल चलाउने र सहभागीले भनेका कुराहरु सोही अनुसार भित्तामा टाँसिएको न्यूजप्रिन्टमा टिप्दै जाने ।
- सबै सहभागीले आफ्नो विचार व्यक्त गरे नगरेको सुनिश्चित गर्ने । सबैले आफ्नो विचार राखिसकेपछि तयार भएको आचारसंहिता सबैले सुन्ने गरी सहजकर्ताले पढ्ने र यसलाई पालना गर्न अनुरोध गर्ने ।

## सेसन ४ : विद्यालयमा बालअधिकार र बालमैत्री विद्यालय

उद्देश्यः
- सहभागीहरुले बालअधिकारको परिभाषा बताउन सक्नेछन् ।
- सहभागीहरुले बालमैत्री विद्यालयमा हुनुपर्ने कुराहरुको आधारभूत सूचि तयार गर्न सक्नेछन् ।

विधि : मष्तिस्क मन्थन, प्रस्तुतीकरण

समय : ६० मिनेट

आवश्यक सामग्री : मार्कर, न्यूजप्रिन्ट, पेपर टेप

क्रियाकलापः

- सबै सहभागीलाई आफ्नो कापी खोल्न लगाई दुई ओटा कोलम बनाउन लगाउने। एउटा कोलममा बालअधिकारको बारेमा सोच्न लगाइ कापीमा टिपोट गर्न लगाउने। अर्को कोलममा हाम्रो विद्यालयलाई राम्रो विद्यालय बनाउन के के कुराहरु चाहिन्छ ? भन्ने कुरा टिपोट गर्न लगाउने। यसरी सोच्नका लागि निम्न प्रश्नहरु गर्ने :
  १. हामी बालबालिकाहरुलाई नभई नहुने कुराहरु के के हुन् ?
  २. हामीले हाल प्राप्त गरिरहेका अधिकारहरु के के छन् र प्राप्त गर्न बाँकी रहेका के के छन् ?
  ३. विद्यालयमा हामीले पाउनै पर्ने अधिकारहरु के के होलान् ?
  ४. हाम्रो विद्यालयलाई राम्रो विद्यालय बनाउन, हामी बालबालिकाको लागि सुहाउँदो विद्यालय बनाउनका लागि के के कुराहरु चाहिन्छ ?
- सबै सहभागीले आफूले प्राप्त गर्नुपर्ने अधिकारहरुको बारेमा टिपोट गरिसकेको निर्क्यौल भएपछि पालै पालो नदोहोरिने गरि भन्न लगाउने। सहजकर्ताले सहभागीले भनेका कुराहरु न्यूजप्रिन्टमा टिप्दै जाने।
- सबै सहभागीले आफ्नो विचार राखिसकेपछि सहभागीले भनेका सबै कुराहरु हाम्रा आवश्यकता भएको र यी आवश्यकता नै हाम्रो अधिकार भएको कुरा जानकारी गराउने।

## पाठ्यसामग्री

बालबालिकाको लागि नभई नहुने आधारभूत आवश्यकता नै बालअधिकार हो। अर्थात् बालबालिकाको हेरचाह, संरक्षण, विकास र सुस्वास्थ्यको रक्षा गर्न व्यवस्था गरिएको मानवअधिकारको विशेष व्यवस्था नै बालअधिकार हो। बालअधिकारमा आधारित दृष्टिकोणमा बालबालिकाहरु अधिकार प्राप्तकर्ता हुन्। बालबालिकाहरु राज्यबाट आधारभूत बाँच्न पाउने, विकास गर्न पाउने, संरक्षण पाउने र सहभागी हुन पाउने अधिकारहरु प्राप्त गर्ने हकदार हुन्। बालबालिका स्वस्थ जन्मन पाउनु, जन्मेपछि पोषणयुक्त खानेकुरा र उपयुक्त कपडा लगाई हुर्कन पाउनु, स्वास्थ्यको राम्रो हेरबिचार हुनु, संरक्षण र हेरविचार पाउनु, आफ्नो क्षमता, ज्ञान, सीपको विकास गर्न पाउनु, आत्मविश्वासका साथ सामाजिक क्रियाकलापमा सहभागी हुन पाउनु बालअधिकार हो। बालबालिकाको सर्वोत्तम हित नै बालबालिकाहरुको आधारभूत सरोकार हो। बालअधिकार महासन्धिअनुसारका अधिकारहरुको सम्मान गर्दै सबै बालबालिकाले बिना कुनै भेदभाव अधिकारको उपभोग गर्ने कार्यको कार्यान्वयन गर्न विद्यालय, शिक्षक, अभिभावक, स्थानीय निकाय वा अन्य सरोकारवालाहरु सदैव तत्पर रहनु पर्दछ। साथै अभिभावकहरुले आफ्ना बालबालिकालाई बाँच्न आवश्यक मापदण्ड पूरा गर्न सहयोग गर्नुपर्दछ।

बालबालिकाले तल उल्लेख भए बमोजिमका कुराहरु जन्मजात रुपमै कानुनी रुपमा प्राप्त गरेको हुन्छ।

- विद्यालय गएर असल शिक्षा आर्जन गर्न पाउनु,
- उसले पढ्ने विद्यालयमा मैत्रीपूर्ण वातावरण हुनु,
- आफूलाई अस्वस्थ महसुस भएको कुनै पनि समयमा कम्तिमा पनि प्राथमिक उपचार प्राप्त गर्नु,
- खेल, मनोरञ्जन र आराम गर्ने अवसर प्राप्त गर्नु
- कुनै पनि प्रकारको दुर्घटना वा प्रकोपको समयमा संरक्षण पाउनु,
- कुनै पनि हिंसा, भेदभाव, हेला, दुर्व्यवहारबाट सुरक्षित हुन पाउनु,
- आफ्नो विचार र भावना निर्धक्कसँग व्यक्त गर्न पाउनु,
- विभिन्न संघसंस्था तथा सामाजिक क्रियाकलापमा सहभागी हुन पाउनु।

## सेसन ५ : बालमैत्री विद्यालय

उद्देश्यः
- सहभागीले बालमैत्री विद्यालयको अवधारणा प्रस्तुत गर्न सक्नेछन् ।
- सहभागीहरुले बालमैत्री विद्यालयको आवश्यकताको पहिचान गरी बालमैत्री विद्यालय हुनका लागि आवश्यक पर्ने आधारभूत कुराहरुको बारेमा बताउनेछन् ।

विधिः
- चित्र छलफल
- प्रस्तुतीकरण
- समूह छलफल

समय : ५० मिनेट

आवश्यक सामग्रीः
- बालमैत्री विद्यालयको चित्र
- न्यूजप्रिन्ट, पेपरटेप, मार्कर

क्रियाकलापः
- सहभागीलाई बालमैत्री विद्यालयको बाहिरी आवरण भएको चित्र देखाउने र सो चित्रमा भएका राम्रा कुराहरु के के छन् भनी प्रश्न गरी टिपोट गर्न लगाउने ।
- सहभागीले दिएका उत्तरहरु न्यूजप्रिन्टमा टिप्दै जाने ।
- हाम्रो विद्यालयमा भएका राम्रा पक्षहरु के के छन् ? र हाम्रो विद्यालयलाई अझ राम्रो बनाउन के के कुराहरु हुनु पर्दछ ? भनी प्रश्न गर्ने र सो पनि टिपोट गर्न लगाउने ।
- सबै सहभागीले टिपोट गरीसके पछि सहभागीले भनेका कुराहरु सहजकर्ताले टिप्दै जाने ।
- सहभागीले टिपोट गराएका विद्यालयका राम्रा पक्षहरुको उदाहरणलाई जोड्दै सहजकर्ताले बालमैत्री विद्यालयको अवधारणा प्रस्तुत गर्ने ।
- सहभागीलाई सहभागीलाई समूहमा विभाजन गर्ने र हाम्रो विद्यालयलाई बालमैत्री विद्यालय बनाउन के के कुराहरुको आवश्यकता पर्दछ ? भन्ने प्रश्नमा छलफल गरी टिपोट गर्न लगाउने ।
- सबै समूहले समूह कार्य सकिसकेपछि सोही बुँदाहरुलाई आधार बनाएर शिक्षक वा विद्यालय प्रशासनले गर्नु पर्ने र विद्यार्थीले गर्नुपर्ने भूमिका छुट्याउन लगाई प्रस्तुत गर्न लगाउने ।
- सहभागीको प्रस्तुती पछि सहजकर्ताले बालमैत्री विद्यालयको आवश्यकता र त्यसको असरको बारेमा आफ्नो प्रस्तुतीकरण गर्ने ।

### पाठ्यसामग्रीः

बालमैत्री विद्यालय के हो ?

बालबालिका अनुकुलको सिकाइ वातावरण भएको, उनीहरु भित्रको अन्तरनिहित क्षमताको विकास गर्ने गरेको र स्वयम् बालबालिकाले आफ्नो सिक्न सक्ने क्षमता र चाहना अनुसार रमाइलोसँग सिक्न सक्ने वातावरण भएको

विद्यालय नै बालमैत्री विद्यालय हो ।
बालमैत्री विद्यालयमा बालअधिकारको सम्मान हुन्छ । बालबालिकाको कुरा सुनिन्छ र सो अनुसारको क्रियाकलाप सञ्चालन गरिन्छ । यस्ता विद्यालयमा बालबालिकाहरुले शारीरिक, मानसिक एवम् संवेगात्मक रुपले सुरक्षित तथा स्वस्थ भएको अनुभव गर्न सक्छन् । यस्तो विद्यालयमा बालबालिकाहरुको रुचि, क्षमता र स्तरको कदर गरिन्छ र सोहीअनुसार उनीहरुको सिकाइका लागि आवश्यक वातावरण एवम् पाठ्यक्रमको व्यवस्था गरिन्छ ।

बालबालिकाहरुलाई उनीहरुको जात, लिङ्ग, धर्म, भाषा, आर्थिकस्तर, शारीरिक एवम् मानसिक दुर्वलताका आधारमा विना भेदभाव भर्ना गर्नु र विद्यालय भित्र वा बाहिर रहेका बालबालिकाहरुलाई भेदभाव रहित व्यवहार गर्नु बालमैत्री विद्यालयको गुण हो । बालमैत्री विद्यालयमा पढाइलेखाइको अतिरिक्त बालबालिकाहरुको स्वास्थ्य एवम् सुरक्षामा विशेष ध्यान दिइन्छ । विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र मुल्यांकनमा बालबालिका, अभिभावक र समुदायलाई प्रत्यक्ष सहभागी गराइन्छ । यस्ता विद्यालयमा कुनै पनि प्रकारका भौतिक, शारीरिक एवम् मानसिक दण्ड सजाय बर्जित हुन्छ र बालबालिकाहरुलाई दुर्व्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रुपमा भइरहेको हुन्छ ।
बालमैत्री विद्यालय किन?

हाम्रो देशका अधिकांश विद्यालयहरु अझै पनि परम्परागत शैलीबाट सञ्चालित छन् । पठनपाठनको समग्र परिवेश अझै पनि घोकाउने तर्फ बढि केन्द्रित छ । नेपाल सरकारले केन्द्रीय स्तरबाट उपलब्ध गराएका पाठ्यसामग्रीको प्रयोग बाहेक अन्य सन्दर्भ सामग्रीको प्रयोग हुने गरेको छैन । जसले गर्दा बालबालिकाको सिकाइ अनुभव र क्षमताका आधारमा हुदैन र बालबालिकाको सिकाइ प्रक्रिया कमजोर हुने बढि खतरा छ । विद्यालय बालबालिकाको मैत्रीपूर्ण भएमा उनीहरुले आफ्नो गति, क्षमता, अनुभवका आधारमा सिकाइ प्रक्रियालाई रमाइलो वातावरणमा लैजान सक्छन् जुन दिगो र प्रभावकारी रहन सक्छ ।

बालमैत्री विद्यालयका न्यूनतम आधारहरु

- सबै शिक्षण सिकाई प्रक्रिया बालमैत्रीपूर्ण र सिकाईका नतिजाहरु गुणस्तरीय हुनुपर्दछ ।
- प्रभावकारी सिकाईका लागि शिक्षक र विद्यार्थीमा पर्याप्त उत्प्रेरणा हुनुपर्दछ ।
- शैक्षिक सामग्रीको पर्याप्तता हुनु पर्दछ ।
- शिक्षकहरुले भिन्न भिन्न विधिको प्रयोग गरी अध्यापन गराएको ।
- बालबालिकाहरुको गति अनुसारको सिकाइ वातावरण र बालबालिकाहरुको व्यक्तिगत कठिनाइलाई मध्यनजर गर्दै शिक्षण सिकाइ भएको ।
- सबै प्रकारका अपाङ्गता भएका बालिकाकाले समान हैसियतमा अध्ययन गर्ने अवसर प्राप्त गरेको ।
- भौगोलिक, सामाजिक, आर्थिक आदि सबै किसिमले पिछडिएका वर्गहरुको विद्यालय योजना निर्माण देखि अन्य गतिविधिमा सहभागिता भएको ।
- सबै बालबालिकाको लागि भेदभाव रहित सिकाईको वातावरण क्षमताका आधारमा शिक्षणसिकाई वातावरण भएको ।
- विविधतापूर्ण विशेषता भएका बालबालिकाहरुको सहभागिताको सुनिश्चितता भएको ।
- वर्तमान नियम कानुनले व्यवस्था गरे अनुसारका छात्र/छात्रावृत्ति प्राप्त गर्ने वातावरण भएको ।
- विद्यालयमा बालक्लबको गठन भएको र समान रुपमा बालबालिकाहरुले बालक्लबमा सहभागी भई रचनात्मक एवम् सृजनात्मक सहभागिता जनाउने अवसर प्राप्त गरेको अवस्था ।

- कम्तीमा वर्षको एकपटक स्वास्थ्यकर्मीहरुबाट विद्यार्थीहरुको स्वास्थ्य परिक्षण गर्ने व्यवस्था भएको ।
- विद्यालयमा प्राथमिक उपचार गर्ने व्यवस्था भएको ।
- धुमपान, मद्यपान, लागूपदार्थ निषेधको लागि आचारसंहिता निर्माण भई लागू भएको ।
- विद्यालय वरीपरि विद्यार्थीको स्वास्थ्यमा हानी पुर्‍याउने खानेकुरा विक्रि वितरणमा रोक लगाएको र विद्यार्थीले पोषिलो खानेकुरा ल्याए नल्याएको कुरा जाँच गर्ने गरेको ।
- फोहोर फाल्ने निश्चित ठाउँमा वा फोहोर फाल्ने भाँडोको व्यवस्था भएको ।
- विद्यालयमा भौतिक, शारीरिक दण्ड सजाय निषेध गरिएको। (विद्यालयमा शारीरिक दण्ड सजाय दिन नपाइने र बालबालिकाको पृष्ठभूमि र क्षमताको आधारमा कसैलाई मानसिक कष्ट, दुर्व्यवहार घृणा गर्न नपाइने नीति नियम बनाइ लागू गरेको र सोको अनुगमन तथा मुल्याङ्कन गरेको। विद्यालय भित्र र समुदायमा समेत बालबालिकामाथि हुने शारीरिक सजाय, हेपाइ, यौन दुर्व्यवहारको अन्त्यका लागि विद्यालयमा स्पष्ट योजना निर्माण गरी कार्यान्वयन गर्ने गरेको ।)
- विद्यालयमा पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भसामग्री राखिएको पुस्तकालय भएको । विषयगत हिसाबले सान्दर्भिक पुस्तकहरुको अभिलेखिकरण र वितरण प्रणाली सहितको पुस्तकालय भएको ।
- बगैँचा निर्माण गरी त्यसको सदुपयोग गरिएको ।
- शिक्षकहरु नियमित विद्यालय र कक्षाकोठामा आउने गरेको ।
- शिक्षकहरुले पूरा समय अध्यापन गराउने गरेको ।

## सेसन ६ : बालमैत्री विद्यालयको प्रभावकारीता

उद्देश्यः
- सहभागीहरुले विद्यालयलाई बालमैत्री बनाउन निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा थाहा पाउनेछन् ।

विधिः
- प्रश्नोत्तर
- व्याख्या
- प्रस्तुतीकरण

समय : ९० मिनेट

आवश्यक सामग्रीः
- प्रभावकारीता सम्बन्धी बुँदा लेखिएको पेपर र बालबालिकाको जिम्मेवारी लेखिएको छुट्टा छुट्टै पेपर
- न्यूजप्रिन्ट, पेपरटेप, मार्कर
- क्रियाकलाप
- सहभागीहरुलाई बालमैत्री विद्यालयमा के के हुनु पर्छ ? भन्ने प्रश्न अघिल्लो सत्रको सम्झना स्वरुप सोध्ने ।
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप अन्तर्गत प्रभावकारीताको लागि व्यवस्था गरिएका कुराहरुको बारेमा सहभागीलाई स्पष्ट पार्ने ।
- पेपरमा लेखिएको प्रभावकारीताको बुँदाहरु पालैसँग पढेर सुनाउने र त्यसको उपलब्धी हासिल गर्न विद्यार्थीहरुले के गर्नुपर्छ ? भन्ने प्रश्न गर्ने ।

- सहभागीले भनेका कुराहरु न्यूजप्रिन्टमा टिप्दै जाने ।
- सबै बुँदाहरुमा छलफल सकिएपछि अन्त्यमा सहजकर्ताले बालमैत्री विद्यालय निर्माणको लागि विद्यार्थीले निर्वाह गर्न सक्ने भूमिकाको बारेमा स्पष्ट पार्ने ।

**पाठ्यसामग्रीः**

"शिक्षाको सन्दर्भमा प्रभावकारितालाई समग्र शैक्षिक प्रक्रियाले बालबालिकाको सिकाइमा के कस्तो प्रभाव पार्‍यो भन्ने कुरा बुझ्नुपर्ने" भनी गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुपले स्पष्ट रुपमा तोकिदिएको छ। विद्यालयलाई बालमैत्री बनाउने सवालमा केही अन्तर्राष्ट्रिय अभ्यास तथा मान्यताहरु पनि छन् । जस्तै :

- शिक्षण सिकाइ प्रक्रिया जहिल्यै पनि बालबालिकाको लागि सुहाउँदो र मैत्रीपूर्ण हुनुपर्दछ भने त्यसको नतिजाहरु गुणस्तरीय र व्यवहारिक हुनुपर्दछ ।
- विद्यालयसँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, बालसंरक्षण समिति, विद्यालय प्रशासन, अभिभावकहरुमा विद्यालयप्रतिको उत्तरदायित्व भरिएको नैतिकता हुनुपर्दछ भने विद्यालयमा अध्यापन गराउने शिक्षकहरुसँग उच्चस्तरीय क्षमता, दक्षता र नैतिकता हुनुपर्दछ ।
- विद्यालय सिक्ने सिकाउने स्थान भएको हुनाले सिक्ने र सिकाउने दुवै पक्षमा पर्याप्त उत्प्रेरणा हुनुपर्दछ ।
- विद्यालयमा शैक्षिक सामग्री र खेल सामग्रीको पर्याप्त व्यवस्था हुनु पर्दछ ।
- समयमै पाठ्यक्रम तथा पाठ्यसामग्रीको पर्याप्त मात्रामा उपलब्धता हुनुपर्दछ ।

भाइबहिनीहरु, सरसर्ती हेर्दा माथि उल्लेख भए बमोजिमका अवस्थामा अधिकतम मात्रामा वयष्क वा शिक्षकहरुको भूमिका देखिन्छ । तर, विद्यालयमा बालमैत्रीपूर्ण वातावरणको सुनिश्चितता र त्यसको प्रभावकारितालाई हेर्ने हो भने बालबालिकाको भूमिका अत्यन्त महत्वपूर्ण छ । बालमैत्री विद्यालय राष्ट्रिय प्रारुपमा उल्लेख भएको प्रभावकारिताको न्यूनतम मापदण्ड पूरा गर्न हामी बालबालिकाले निम्न अनुसारको भूमिका निर्वाह गर्नु पर्दछ ।

हुनै पर्ने :
शिक्षण सिकाइ प्रक्रिया जहिल्यै पनि बालबालिकाको लागि सुहाउँदो र मैत्रीपूर्ण हुनुपर्दछ भने त्यसको नतिजाहरु गुणस्तरीय र व्यवहारिक हुनुपर्दछ ।

बालबालिकाले गर्नसक्ने :
विद्यालय बालमैत्री हुनुपर्दछ । यसको अर्थ विद्यालयमा निर्माण गरिने भौतिक सामग्री लगायत विद्यालयमा हुने प्रत्येक गतिविधि बालबालिकाको लागि सुहाउँदो हुनुका साथै बालबालिकाको रुचि र आवश्यकता अनुरुप हुनुपर्दछ । तर, यी सबै कुराहरु वयष्कले मात्र दिएर हुँदैन । हामी बालबालिकाको पनि उत्तिकै दायित्व छ । यसका लागि हामी बालबालिकाहरुले निम्न बमोजिमका जिम्मेवारीहरु पूरा गर्नुपर्दछ :

- विद्यालय शिक्षामा हुने सिकाई प्रक्रियामा सबै बालबालिकाहरु समान रुपमा सहभागी हुनुपर्दछ ।
- आफूले जानेका कुराहरु साथीहरुलाई सिकाउने गर्नु पर्दछ ।
- हामीले पाठ्यपुस्तक बाहेकका अन्य शैक्षिक सामग्रीहरुको अध्ययन गर्नुपर्दछ ।
- विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी हुनु पर्दछ । तर, यसरी अतिरिक्त क्रियाकलापमा भाग लिइरहँदा पढाइमा नकारात्मक असर नपरोस् भन्ने कुरालाई विशेष ध्यान दिनुपर्दछ ।

- विद्यालयमा सिकेका कुराहरु घरमा दोहोर्‍याएर अध्ययन गर्नुपर्दछ । साथै सिकेका कुराहरु व्यवहारमा लागू गर्ने प्रयास गर्दै जानु पर्दछ ।
- शिक्षकले शिक्षण क्रियाकलापमा प्रयोग गरेका सामग्रीहरुको हेरविचार र सुरक्षा गर्न सहयोग गर्नुका साथै शिक्षण सामग्रीहरु निर्माण तथा संकलन गर्ने काममा शिक्षकलाई सहयोग गर्नुपर्दछ ।
- सबैका छुट्टाछुट्टै क्षमता र दक्षता हुन्छन् भन्ने कुरालाई ध्यानमा राखी शैक्षिक गतिविधिमा कमजोर भएका साथीहरुलाई हेला, दुर्व्यवहार वा अन्य कुनै पनि प्रकारका भेदभाव नगरी सिकाई प्रक्रियामा सहयोग गर्नुपर्दछ ।
- शारीरिक रुपमा वा मानसिक रुपमा अपाङ्गता भएका साथीहरु भएमा उनीहरुलाई विशेष सहयोग गर्नुपर्दछ ।
- विविध कारणले परिवारबाट टाढा रही श्रममा संलग्न भएका विद्यार्थी साथीहरुलाई समान व्यवहार गरी शैक्षिक गतिविधिमा सहयोग गर्नुपर्दछ ।
- असल, व्यवहारिक र गुणस्तरीय शिक्षा पाउनु हाम्रो अधिकार हो । तर, राम्रोसँग मन दिएर पढ्नु, कापी किताबको जतन गर्नु र ध्यान दिएर पढ्नु हाम्रो कर्तव्य हो भन्ने कुरालाई ध्यान दिनुपर्दछ ।
- नयाँ कुरा सिक्न, जान्न, हेर्न पाउनु हाम्रो अधिकार भए जस्तै आफूले नजानेका कुराहरु सिक्नु र जानेका राम्राकुरा अरुलाई सिकाउने गर्नुपर्दछ ।

हुनै पर्ने :

विद्यालयसँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, बालसंरक्षण समिति, विद्यालय प्रशासन, अभिभावकहरुमा विद्यालयप्रतिको उत्तरदायित्व भरिएको नैतिकता हुनुपर्दछ भने विद्यालयमा अध्यापन गराउने शिक्षकहरुसँग उच्चस्तरीय क्षमता, दक्षता र नैतिकता हुनुपर्दछ ।

बालबालिकाले गर्नसक्ने :

विद्यालयका सरोकारवालाहरुले नै विद्यालयको रुप बदल्न सक्छन् भने विद्यालयका सरोकारवालाहरुमा हामी बालबालिका पनि पर्छौं । त्यसैले विद्यालयको व्यवस्थापकीय क्षेत्रमा पनि हामीले आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ ।

- विद्यालयमा बन्ने वा निर्माण गर्न लागिएका संरचनाहरुमा आफ्ना अभिभावकहरुलाई सहभागी हुन प्रोत्साहित गर्ने ।
- विद्यालयमा हुने भेला, गोष्ठी, छलफल, अन्तर्क्रिया जस्ता कार्यक्रमहरुमा सहभागी हुने र आफ्ना विचार राख्ने ।
- विद्यालय हाम्रो परिवार हो र परिवारमा राम्रो काम, राम्रा व्यवहार हुनुपर्दछ । हामीलाई कुनै बेला कसैको व्यवहार वा काम नराम्रो लागेमा स्पष्टसँग शिक्षक वा अभिभावकहरुलाई नडराई भन्ने गर्नुपर्दछ ।
- हामीले कसैलाई पनि जाति, लिङ्ग, वर्ग वा अन्य कुनै पनि आधारमा कसैलाई पनि भेदभाव वा दुर्व्यवहार गर्नु हुँदैन ।
- यदि हामी दुर्व्यवहार वा यौन दुर्व्यवहारबाट सुरक्षित भएको महसुस गर्न चाहान्छौं भने हामीले पनि अरु कसैलाई हेला, दुर्व्यवहार वा यौन दुर्व्यवहार गर्नुहुदैन । साथै त्यस्ता व्यवहारको विरोध समेत गर्नुपर्दछ ।

हुनै पर्ने :

विद्यालय सिक्ने सिकाउने स्थान भएको हुनाले सिक्ने र सिकाउने दुवै पक्षमा पर्याप्त उत्प्रेरणा हुनुपर्दछ ।

बालबालिकाले गर्नसक्ने :

सिक्ने सिकाउने क्रम भनेको निरन्तर प्रक्रिया हो । वास्तवमा हामीलाई विद्यालयमा शिक्षकहरुले सिकाउने गर्नु हुन्छ । यहाँ बुझ्नु पर्ने कुरा के पनि छ भने, हामी शिक्षकहरुबाट जति सिकिरहेका हुन्छौं त्यो भन्दा बढि शिक्षकहरुले हामीबाट

सिकिरहेका हुन्छन् । त्यसैले हामी शिक्षकहरुलाई सिकाउनका लागि अझ बढि उत्प्रेरित गर्न सक्छौं । यसका लागि निम्न क्रियाकलापहरु गर्न सकिन्छ :

- विद्यार्थीलाई प्रश्न गर्ने छुट हुन्छ । शिक्षकहरु विद्यार्थीले नबुझेका कुराहरु सोधे भने खुशी हुन्छन् । त्यसैले हामीले आफूले नबुझेका र नजानेका कुराहरु शिक्षकलाई सोध्ने गर्नुपर्दछ ।
- पढाईमा सहयोग हुने विभिन्न रचनात्मक क्रियाकलापहरु सञ्चालन गर्नुपर्दछ । जस्तैः भित्ते पत्रिका प्रकाशन, वादविवाद, वक्तृत्वकला, छलफल आदि । यस्ता गतिविधिले शिक्षकहरुलाई सिकाउने कुरामा प्रेरणा मिल्दछ भने हामीलाई सिक्ने कुरामा उत्सुकता थप्दछ ।
- सिक्ने सिकाउने क्रम चलिरहँदा अनावश्यक होहल्ला गर्ने, झैझगडा गर्ने, प्रश्नका लागि प्रश्न गर्ने, ध्यान नदिने जस्ता क्रियाकलाप गर्नु हुँदैन । यस्ता क्रियाकलापले शिक्षकलाई सिकाउन मन हुदैन । साथै समय पनि खेर जान्छ ।
- शिक्षकहरुले निर्माण गर्ने शैक्षिक सामग्री निर्माण कार्यमा सहयोग गर्ने, विद्यालयमा भएका शैक्षिक सामग्रीहरुको सुरक्षा गर्ने गर्नुपर्दछ ।

हुनै पर्ने :
विद्यालयमा शैक्षिक सामग्री र खेल सामग्रीको पर्याप्त व्यवस्था हुनु पर्दछ ।

बालबालिकाले गर्नसक्ने :
हामी बालबालिकाको शारीरिक तथा मानसिक विकासको लागि नभई नहुने महत्वपूर्ण कुरा खेल तथा मनोरञ्जन हो । तर, खेल तथा मनोरञ्जन आवश्यकता भन्दा बढि भएमा घातक पनि हुन सक्छ । त्यसैले निम्न कुराहरुमा विशेष ध्यान दिनुपर्दछ :

- पढाईको समयमा खेल खेल्नु हुदैन ।
- खेल निश्चित र उचित समयमा मात्र खेल्नु पर्दछ ।
- शारीरिक रुपमा, मानसिक रुपमा, सामाजिक रुपमा, आर्थिक रुपमा हानि पुर्‍याउने खालका खेलहरु खेल्नु हुँदैन ।
- खेल खेल्नु राम्रो हो । तर, खेल्न पाएँ भन्दैमा लामो समय खेल्ने, जोखिमपूर्ण खेलहरु खेल्ने काम राम्रो होइन ।
- खेल खेल्न पाउनु हाम्रो अधिकार हो । तर ध्यान दिनुपर्ने कुरा के पनि छ भने हामीले सो अधिकारको उपयोग गरिरहँदा अरुको अधिकारको हनन् गर्नु हुँदैन ।
- खेल खेल्दा झैझगडा गर्नुहुदैन र सबैलाई अवसर प्रदान गर्नुपर्दछ ।
- खेल खेलिसकेपछि खेलकुदका सामग्रीहरुको जतन साथ व्यवस्थापन गर्नुपर्दछ ।

हुनै पर्ने :
समयमै पाठ्यक्रम तथा पाठ्यसामग्रीको पर्याप्त मात्रामा उपलब्ध हुनुपर्ने ।

बालबालिकाले गर्नसक्ने :
पाठ्यपुस्तक हाम्रो प्रमुख मित्र हो । यसको अधिकतम प्रयोग र सुरक्षा हाम्रो जिम्मेवारी हो ।

## सेसन ७ : समावेशीकरण

उद्देश्य :

- सहभागीहरुले विद्यालयमा विद्यार्थीहरुद्वारा हुने समावेशीकरणको व्यवहारिक प्रक्रिया बताउन सक्नेछन् ।
- विद्यालयमा समावेशीकरणको अभ्यासलाई स्थापित गर्न अपनाउन सकिने उपायको बारेमा बताउदै आफ्नो जिम्मेवारीको बारेमा जानकारी प्राप्त गर्नेछन् ।

विधि :

- प्रश्नोत्तर
- समुह छलफल
- प्रस्तुतीकरण

समय : ५० मिनेट

आवश्यक सामग्री :

न्यूजप्रिन्ट, मार्कर, पेपर टेप

क्रियाकलाप :

- सहभागीलाई "तपाईँको विद्यालयमा विभिन्न गतिविधिहरु(प्रतियोगिता, निर्णय प्रक्रिया, अतिरिक्त क्रियाकलाप, सभा गोष्ठीमा भाग लिन, वा अन्य गतिविधिहरु)मा को कसरी सहभागी हुने गर्छन् ? भन्ने प्रश्न गर्ने ।
- शैक्षिक क्रियाकलापमा कसरी सहभागी हुने गरिन्छ ? (शैक्षिक सामग्री निर्माण, विभिन्न शैक्षिक प्रतियोगिताहरु आदि)
- त्यस्तो सहभागी हुने प्रक्रिया के कस्तो छ ? भन्ने प्रश्न गर्ने ।
- हामी आफू शैक्षिक क्रियाकलाप वा अन्य क्रियाकलापमा सहभागी हुन र अन्य साथीहरुलाई सहभागी गराउन के गर्ने गर्छौं ? भन्ने प्रश्नमा छलफल गराउने ।
- सहभागीले भनेका कुराहरु टिपोट गर्दै जाने ।
- सहभागीलाई पुनः समावेशी भनेको के हो ? भन्ने प्रश्न गर्ने ?
- सहभागीले भनेका कुराहरुलाई समेट्दै नेपाल सरकारको बालमैत्री विद्यालय राष्ट्रिय नितीमा परिभाषित गरिएको समावेशीकरणको परिभाषालाई स्पष्ट पार्ने ।
- सहभागीलाई चार समूहमा विभाजन गर्ने र हाम्रो विद्यालयमा अपाङ्गगता भएका, सामाजिक रुपमा पछि पारिएका, शैक्षिक रुपमा कमजोर भएका र विविध कारणले विद्यालयमा भर्ना हुन नसकेका बालबालिकाहरुलाई विद्यालयमा वा विद्यालयमा हुने अन्य गतिविधिमा समान सहभागिता जनाउने उद्देश्यले समावेशी गराउन हामीले के गर्नुपर्छ ? भन्ने विषयमा छलफल गरी टिपोट गर्न लगाउने ।
- सबै समूहले छलफल गरि टिपोट गरे पश्चात् प्रश्तुत गर्न लगाउने ।

- अन्त्यमा सहजकर्ताले राष्ट्रिय नितीमा उल्लेख भएको समावेशीकरणको व्यवस्था र बालबालिकाले निर्वाह गर्न सक्ने भूमिकाको बारेमा स्पष्ट पार्ने ।

पाठ्य सामग्री :

समावेशीकरणको मुद्धा विभिन्न समाचार, सभा, सम्मेलन, छलफल जस्ता कार्यक्रमहरुमा सुनिरहेका हुन्छौँ । अचेल हरेक क्षेत्रमा, विषयमा समावेशीकरणको विषयमा छलफल हुने गरेको छ । कहिले काहिँ समावेशीकरणलाई फरक शैलीमा प्रस्तुत गर्ने गरेको पनि पाइन्छ । जातिय, लैङ्गिक, पिछडिएका, विकट क्षेत्रका मान्छेलाई सहभागी गराउनुलाई समावेशीकरण भएको अवस्थाको रुपमा परिभाषित गरिएको पनि पाइन्छ । तर, यहाँ समावेशीकरणलाई अर्थपूर्ण सहभागिताको रुपमा व्याख्या गरिएको छ ।

समावेशीकरणले विभिन्न अवसरबाट बञ्चित भएका बालबालिकाको अवस्थालाई सम्बोधन गर्दछ र बालबालिकामा भएको विविध भिन्नतालाई स्वीकार गर्दछ । वास्तवमा अवसरबाट बञ्चित भएका बालबालिकाकाहरुको समूहलाई सम्बोधन गर्ने प्रक्रिया वा रणनीति नै समावेशीकरण हो । समावेशी शिक्षाले अरुलाई बुझ्ने, आदर गर्ने, शैक्षिक आवश्यकतामा प्रतिक्रिया दिने, सबै बालबालिकाको अनुभव, चाहना र मूल्यमान्यतालाई समावेश गर्ने भन्ने बुझ्नु पर्दछ । समावेशीकरणले सबै बालबालिकाको लागि विभेदरहित वातावरणमा शिक्षा लिन पाउनुपर्ने अधिकार सुनिश्चित गर्दछ ।

समावेशीकरणले विद्यालयमा समुदायको स्वामित्वलाई महत्व दिदैँ बालबालिकाका आवश्यकता अनुरुप उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्छन् भन्ने मान्यता समेत राख्दछ । यस अन्तर्गत निम्न कुराहरुको सुनिश्चितता हुनु पर्दछ :

- अपाङ्गता भएका, जाति वा धर्मको आधारमा पछि परेका, श्रमको कारणले विद्यालय शिक्षाबाट बञ्चित भएका र आर्थिक वा अन्य कारणले कमजोर भएका बालबालिकाको विद्यालय भर्नाको सुनिश्चितता ।
- भौगोलिक, सामाजिक, आर्थिक आदि सबै किसिमले पिछडिएका वर्गहरुको विद्यालय योजना निर्माण देखि अन्य गतिविधिमा सहभागिता ।
- सबै बालबालिकालाई भेदभाव रहित सिकाईको वातावरण, क्षमताको आधारमा शिक्षण सिकाइ वातावरण, बालबालिकाको गति अनुसारको सिकाइ वातावरण र बालबालिकाको व्यक्तिगत कठिनाइ पत्ता लगाई व्यक्तिगत भिन्नताका आधारमा उपचारात्मक उपाय सहितको शिक्षण सिकाईको सुनिश्चितता भएको ।
- विविधतापूर्ण विशेषता भएका बालबालिकाको सहभागिताको सुनिश्चितता भएको ।

समावेशीकरणका लागि एकल प्रयास निरर्थक हुन जान्छ । विद्यालयमा शैक्षिक गुणस्तरको बृद्धि, बालबालिकाको सामाजिकीकरणको अभ्यास तथा उनीहरुको क्षमताको पहिचान र सो अनुसारको अवसरका लागि साझा अभ्यास हुनु जरुरी छ । यसका लागि बालबालिका स्वयम्को अग्रसरता र सहभागिता बिना परिणाम प्रायः सून्य हुन सक्छ । तसर्थ बालबालिकाले सरोकारवालाहरुको प्रयासमा हातेमालो गर्नु जरुरी छ ।

हुनै पर्ने :

अपाङ्गता भएका, जाति वा धर्मको आधारमा पछि परेका, श्रमको कारणले विद्यालय शिक्षाबाट बञ्चित भएका र आर्थिक वा अन्य कारणले कमजोर भएका बालबालिकाको शिक्षाको सुनिश्चितता ।

बालबालिकाले गर्न सक्ने :

कुनैपनि जाति, धर्म, वर्ग, लिङ्गका बालबालिकाहरुको विद्यालय भर्ना भई गुणस्तरीय शिक्षा पाउने अधिकार छ। विद्यालयमा शिक्षक वा विद्यालय प्रशासन भन्दा बढि विद्यालयका विद्यार्थीहरु एकअर्काबीच बढि नजिक हुन्छन्। त्यसैले विद्यालयमा विद्यालयले गरेको समावेशीकरणको अभ्यासलाई प्रभावकारी बनाउने सवालमा बालबालिकाको प्रमुख भूमिका हुनसक्छ।

- आफ्नो घर वरीपरी विद्यालय नगएका साथीहरु र तिनका अभिभावकहरुलाई विद्यालय भर्ना खुल्ला भएको सूचना दिनुपर्दछ।
- विद्यालय र शिक्षाको आवश्कताको बारेमा बताएर विद्यालय नगएका साथीहरुलाई विद्यालय भर्ना हुन प्रोत्साहित गर्नु पर्दछ।
- शारीरिक वा अन्य अपाङ्गता भएका कारण विद्यालय शिक्षाबाट टाढा रहेका वा विद्यालय भर्ना भएता पनि सिकाइ अभ्यासमा कठिनाइ भएका साथीहरुलाई सिकाइ प्रक्रियामा सहयोग गर्नुपर्दछ।
- विविध कारणले पढाई कमजोर भएका वा विषयगत सिकाइमा कठिनाई भएका साथीहरुलाई सिक्नका लागि सहयोग गर्नुपर्दछ।

हुनै पर्ने :

भौगोलिक, सामाजिक, आर्थिक आदि सबै किसिमले पिछडिएका वर्गहरुको विद्यालय योजना निर्माण देखि अन्य गतिविधिमा सहभागिता।

बालबालिकाले गर्न सक्ने :

विद्यालय औपचारिक शिक्षा लिने ठाउँ मात्र होइन। यहाँ विभिन्न जीवनउपयोगी सीपहरु पनि सिक्न सकिन्छ। जीवनमा आइपर्ने विभिन्न समस्याहरु समाधान गर्ने उपायहरु, दैनिक जीवनमा गर्नुपर्ने काम, सामाजिक क्रियाकलापमा सहभागी हुँदा गर्नुपर्ने काम आदि विद्यालयमा सिक्न सकिन्छ।

- विद्यालयमा हुने सबै निर्णय, योजना र कार्यान्वयन विद्यार्थीका लागि हुने गर्छ। तसर्थ त्यस्ता निर्णय हुने र योजना बन्ने प्रक्रियामा र सो को कार्यान्वयन गर्ने प्रक्रियामा आफ्नो सहभागिता जनाउनु पर्दछ।
- विद्यालयमा हुने योजना निर्माण प्रक्रियामा आफ्नो सहभागिताको सुनिश्चितताको लागि शिक्षकहरुसँग छलफल गर्नुपर्दछ।
- विद्यालयमा बनेका वा बन्ने संरचनाहरुमा आफ्नो सहभागिता जनाउनु पर्दछ।

हुनै पर्ने :

सबै बालबालिकालाई भेदभाव रहित सिकाईको वातावरण, क्षमताको आधारमा शिक्षण सिकाइ वातावरण, बालबालिकाको गति अनुसारको सिकाइ वातावरण र बालबालिकाको व्यक्तिगत कठिनाइ पत्ता लगाई व्यक्तिगत भिन्नताका आधारमा उपचारात्मक उपाय सहितको शिक्षण सिकाईको सुनिश्चितता भएको।

बालबालिकाले गर्न सक्ने :

भेदभाव रहित वातावरणमा सिकाइ अभ्यासमा सहभागी हुन पाउनु हाम्रो अधिकार हो। हामीले आफ्नो सिकाइ शैलीका आधारमा सिक्न पाउनु पर्दछ। प्रत्येक व्यक्तिको फरक फरक सिक्ने शैली हुन्छ। ती सबै शैलीहरु सबैलाई थाहा नहुन पनि सक्छ। त्यसैले सोको बारेमा जानकारी दिनु हाम्रो कर्तव्य हो। यसका अतिरिक्त हामी सबै जना एउटै गतिमा सिक्न

सक्छौँ भन्ने पनि छैन । हामी विद्यार्थी मध्ये कोही चाँडै सिक्न सक्छौँ भने कोही ढिलो सिक्छौँ हो । कोही एउटा शैली सिक्न सक्छ भने कोही फरक शैली अपनाउन सक्छ । हामी सबैले ती सबैको सम्मान गर्नुपर्दछ र समय दिनु पर्दछ ।

- छिटो सिक्न सक्ने साथीले ढिलो सिक्ने साथीलाई सिकाइ प्रक्रियामा सहयोग गर्नँ पर्दछ र समय प्रदान गर्नुपर्दछ ।
- फरक शैलीले सिक्ने साथीलाई सम्मान गर्नु पर्दछ र छिटो सिक्न सकिने शैली वा तरिका सिकाउनु पर्दछ ।
- फरक शैलीले सिक्ने साथीहरुले प्रश्नहरु धेरै गर्न सक्छन् । ती प्रश्न र प्रश्न गर्ने साथीको सम्मान गर्नु पर्दछ । शिक्षकलाई जति धेरै प्रश्न गर्‍यो अन्य साथीलाई पनि त्यसले फाइदा पुर्‍याउँछ ।
- सिक्नकालागि गाह्रो हुनुको कारण शिक्षक वा साथीहरुलाई बताउनु पर्दछ (जस्तै : आधारशिला ९द्यबकभ० नहुनु), जसले गर्दा उनीहरुलाई आफूलाई सिकाउने शैली वा प्रक्रिया पत्ता लगाउन सजिलो बनोस् ।

हुनै पर्ने :

विविधतापूर्ण विशेषता भएका बालबालिकाको सहभागिताको सुनिश्चितता भएको ।

बालबालिकाले गर्न सक्ने :

समुदायमा फरक फरक क्षमता भएका व्यक्तिहरु हुन्छन् । विद्यालय हाम्रो समुदाय हो । त्यसैले विद्यालयमा पनि फरक फरक क्षमता भएका साथीहरु अध्ययन गर्छन् । (जस्तै : आँखामा समस्या भई आँखा नदेख्ने साथीहरुको सुन्ने र सम्झन सक्ने क्षमता बढि हुन्छ । तर उनीहरु अक्षर देख्न सक्दैनन् । हामीले अध्ययन गर्ने पाठ्यपुस्तकका लागि आँखा देख्नै पर्ने बाध्यात्मक परिस्थिती पनि छ ।) त्यस्ता साथीहरुको सहभागिताको सुनिश्चितताका लागि हामी शारीरिक रुपमा दुर्बल नभएका साथीहरुको महत्वपूर्ण भूमिका हुन सक्छ ।

- आँखामा समस्या भई देख्न नसक्ने साथीहरुको शैक्षिक विकासमा सहयोग पुर्‍याउन हामीले सहयोग गर्नुपर्दछ । यसका लागि पाठ्यपुस्तकमा भएका कुराहरु उनीहरुले सुन्ने गरी पढेर र बुझ्नकालागि सहयोग गर्न सकिन्छ ।
- खुट्टामा समस्या भएका साथीहरुसँग उनीहरुले खेल्न सक्ने खालका खेलहरु (जस्तैः लुडो, चेस, बाघचाल, कोठेपद, शब्दजाल आदि) खेल्न सकिन्छ ।
- विभिन्न कारणले श्रममा संलग्न भएका साथीहरुको पढाइ कमजोर हुन सक्छ । तर उनीहरुसँग जीवनउपयोगी

सीपहरु प्रशस्त हुनसक्छन् । हामीले यी सीपहरुको आदानप्रदान गर्न सक्छौँ ।

## सेसन ८ : विद्यालयमा सहभागिता

उद्देश्य :

- सहभागीहरुले विद्यालयमा परिवार, समुदाय र स्वयम् विद्यार्थीको अर्थपूर्ण समभागिताको आवश्यकता पहिचान गर्न सक्नेछन् ।
- सहभागीहरुले विद्यालयमा परिवार, समुदाय र विद्यार्थीको सहभागिता बढाउने तरिकाको बारेमा छलफल गरी निष्कर्ष निकाल्न सक्नेछन् ।

विधि :

- मष्तिष्क मन्थन
- छलफल
- प्रस्तुतीकरण
- लघुप्रवचन

समय : ६० मिनेट

आवश्यक सामग्री :

- न्यूजप्रिन्ट
- मार्कर
- पेपर टेप

क्रियाकलाप :

- सहभागीलाई सहभागिता भनेको के हो ? भन्ने प्रश्न गर्ने ।
- त्यसपछि पुनः विद्यालयमा सहभागिता भनेको के हो ? भन्ने प्रश्न गर्ने ?
- विद्यालयमा कसको कसको सहभागिता हुन सक्छ ? भन्ने प्रश्न गर्ने ?
- माथिका सबै प्रश्नका उत्तरहरु सहजकर्तालि न्यूजप्रिन्टमा टिप्दै जाने ।
- विद्यालयमा परिवारको, समूदायको विद्यार्थीको सहभागिता किन आवश्यक छ ? भन्ने प्रश्नमा सामुहिक छलफल गराउने ।
- सहभागीले भनेका कुराहरु न्यूजप्रिन्टमा टिप्दै जाने ।
- सहभागीको प्रस्तुती पछि सहजकर्तालि विद्यालयलाई बालमैत्री विद्यालयको रुपमा विकास गर्न परिवार, समुदाय र विद्यार्थीको भूमिकाको बारेमा जानकारी गराउने ।
- सहजकर्ताले परिवार र समुदाय लेखिएको छुट्टा छुट्टै न्यूजप्रिन्ट भित्तामा टाँस्ने र विद्यालयमा परिवार र समुदायको भूमिका बढाउन बालबालिकाले के गर्न सक्छन् ? भन्ने प्रश्न गर्ने ।
- सहभागीले भनेका कुराहरु न्यूजप्रिन्टमा टिप्दै जाने ।
- यो क्रम सकिए पछि सहजकर्ताले सहभागीले भनेका कुराहरुलाई जोड्दै परिवार र समुदायलाई विद्यालायमा

सहभागिता गराउन सकिने उपायको प्रस्तुतीकरण गर्ने ।

**पाठ्यसामग्री:**

बालबालिका, परिवार र समुदाय बिना विद्यालय बन्न असम्भव छ। विद्यालयलाई विद्यालयको रुप दिने काम पनि यी तीन पक्षको रहन्छ। विद्यालय सञ्चालनको मुख्य जिम्मेवारी विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, प्रधानाध्यापकमा हुन्छ। तरपनि विद्यालयको नीति निर्माण, योजना तर्जुमा र कार्यक्रम सञ्चालनमा बालबालिका, परिवार र समुदायको सक्रिय एवम् निरन्तर सहभागिता चाहिन्छ ।

विद्यालयमा हुने विविध कार्यहरुमा बालबालिकाहरुको सहभागिता हुनुपर्दछ । यसो भएमा एकतर्फ कार्यक्रम समफलतापूर्वक सम्पन्न हुन्छ भने अर्कोतर्फ बालबालिकाहरुको आत्मविश्वास र काम गर्ने क्षमतामा बृद्धि हुन्छ ।

बालबालिकाले विद्यालयमा परिवारको र आफ्नो समुदायको सहभागिताको सुनिश्चितता गर्ने सवालमा पनि हातेमालो गर्न सक्नुपर्दछ। विद्यालयमा बालबालिका, परिवार र समुदायको सुनिश्चितताको लागि निम्न कुराहरुको सुनिश्चितता हुनु पर्दछ :

- विद्यालयमा बालक्लब गठन भएको र सो क्लबले सञ्चालन गर्ने कार्यक्रमहरुको नियमित अनुगमन तथा समिक्षा भएको ।
- विद्यालय सुधार योजना निर्माणमा बालबालिकाहरुद्धारा प्रेषित सुझावहरुको पूर्ण कार्यान्वियन भएको ।
- बालबालिकासँग सम्बन्धित आन्तरिक नियम बनाउँदा बालबालिकाहरुको सहभागिता भएको र नियमको कार्यान्वियनमा लेखाजोखा भएको ।
- विद्यालय व्यवस्थापनद्धारा बालक्लबका सदस्यहरुलाई क्षमता अभिवृद्धि गराएको ।
- सबैजसो निर्णयहरुमा बालबालिकाको सहभागिता भएको र उनीहरुको सुझावलाई प्राथमिकता दिएको ।
- विद्यालयमा अभिभावक भेला हुने गरेको, अभिभावक शिक्षक संघ भएको र सामाजिक लेखा परिक्षण भएको ।

विद्यार्थी विद्यालयका प्रमुख सरोकारवालाहरु हुन्। विद्यालयमा वयष्कले गर्न नसक्ने कामहरु विद्यार्थीले गरेर देखाएका प्रशस्तै उदाहरणहरु सुन्न पाइन्छ। बालबालिकाहरु अधिकार धारक हुनाको साथै जिम्मेवार व्यक्ति पनि हुन्। बालबालिकाले आफ्नो कर्तव्य जिम्मेवारीका साथ निर्वाह नगरेको अवस्थामा विद्यालयलाई बालमैत्री र शिक्षालाई गुणस्तरीय बनाउन असम्भव प्राय छ। विद्यालयलाई बालमैत्री बनाउन बालबालिकाको भूमिका महत्वपूर्ण छ ।

हुनै पर्ने :
विद्यालयमा बालक्लब गठन भएको र सो क्लबले सञ्चालन गर्ने कार्यक्रमहरुको नियमित अनुगमन तथा समिक्षा भएको ।

बालबालिकाले गर्नसक्ने :
बालक्लबको अवधारणा र अभ्यासले बालबालिकामा छुट्टै पहिचान बनाउने वातावरण सृजना गरिदिएको छ। बालक्लब सहभागिताको अभ्यास गर्ने महत्वपूर्ण थलो पनि हो। यहाँ बालबालिकाले विभिन्न जीवनउपयोगी सीपहरु सिक्न सक्छन्। सहमती अभ्यास, छलफलको अभ्यास, निर्णय गर्ने सीप, नेतृत्व गर्ने सीप आदि कुराहरु सिक्नकालागि

बालक्लब उपयुक्त स्थान हो। यसका लागि बालबालिकाले निम्न कामहरु गर्नु पर्दछ :

हुनै पर्ने :
विद्यालय सुधार योजना निर्माणमा बालबालिकाहरुद्धारा प्रेषित सुझावहरुको पूर्ण कार्यान्वियन भएको।

बालबालिकाले गर्नसक्ने :

- बालक्लबमा सहभागी हुने र बालक्लबका बैठकहरुमा सक्रिय सहभागिता जनाउने।
- बालक्लबको माध्यमबाट विभिन्न रचनात्मक कार्यक्रमहरुको आयोजना गर्ने र सबै साथीहरुलाई समान सहभागी हुने अवसर जुटाउने।
- बालक्लबले आयोजना गरेका कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कनका लागि विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समितिलाई कार्यक्रमको अनुगमन गर्न आमन्त्रित गर्ने।
- पाक्षिक रुपमा वा मासिक रुपमा बालक्लबको बैठक बस्ने र अन्य विद्यार्थी साथीहरुको सहमतीमा विद्यालय र शैक्षिक स्तरको सुधारका लागि सुझावहरु दिने।

हुनै पर्ने :
बालबालिकासँग सम्बन्धित आन्तरिक नियम बनाउँदा बालबालिकाहरुको सहभागिता भएको र नियमको कार्यान्वियनमा लेखाजोखा भएको।

बालबालिकाले गर्नसक्ने :
वास्तवमा अरुले बनाइदिएको नियम पालना गर्न धेरै गाह्रो हुन्छ। त्यसैले होला आफ्ना लागि आफै संविधान लेख्ने काम पनि सञ्चालन भइरहेको छ। सँस्कार राम्रो हुन्छ, असल हुन्छ। यसले हामीलाई सुमार्गमा डोर्याउँछ, र नियमले सँस्कार सिकाउँछ। यस्तो नियम जुन हामी आफैले निमार्ण गरेको होस्, जुन हामी सबैकोलागि हितकारी होस्, जसले हामी सबैलाई समानता, समावेशी, सहमती र सहकार्यको अभ्यास सिकाओस्। त्यसतो नियम हामीलाई चाहिन्छ। त्यस्तो नियम त्यतिबेला सम्भव हुन्छ, जतिबेला हामी आफैँ नियमको निर्माण गर्ने प्रक्रियामा सहभागी हुन्छौँ।

- कक्षागत रुपमा वा बालक्लबको माध्यमबाट सबैको छलफल र सहमतीमा आफुले पालना गर्ने नियमको निर्माण गर्ने।
- नियमको निर्माण गरिसकेपछि उक्त नियममा थपघट गर्नुपर्ने कुराहरुको सुझाव लिन शिक्षकहरुलाई देखाउने। शिक्षकले दिएको सुझाव छलफलका लागि पुनः बैठकमा लाने।
- शिक्षकले दिएको सुझाव लागू गर्न नसक्ने अवस्थाको भएमा कारण सहित शिक्षकलाई बुझाउने।
- नियमको निर्माण कार्य पूरा भई सकेपछि सबै विद्यार्थीलाई सुनाउने र सहमती लिने।
- निर्माण भएको नियमलाई सबैले देख्ने र बुझ्ने गरी ठूलो अक्षरमा न्यूजप्रिन्ट वा अन्य कुनै ठूलो चिजमा लेख्ने र सबैले देख्ने गरी टाँस्ने।

- सबै विद्यार्थीले आफैले बनाएको नियमको पालना गर्ने ।
- बालक्लब, विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समितिलाई आफूले निर्माण गरेको नियमहरुको कार्यान्वयन र प्रभावकारी भए नभएको अवलोकन र मुल्यांकन गर्न भन्ने ।

हुनै पर्ने :
सबैजसो निर्णयहरुमा बालबालिकाको सहभागिता भएको र उनीहरुको सुझावलाई प्राथमिकता दिएको ।

बालबालिकाले गर्नसक्ने :
- विद्यालयले गर्ने निर्णय प्रक्रियामा सहभागी हुने । छलफलका विषयवस्तुहरु बुझ्ने प्रयास गर्ने र आफ्नो विचार राख्ने ।
- विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघालाई रचनात्मक एवम् सृजनात्मक पृष्ठपोषण दिने ।
- विद्यालयलाई दिने सुझावका लागि बालक्लब वा विद्यार्थीहरुको तर्फबाट गरिने सुझाव संकलनमा सबै तहका विद्यार्थीको सहभागिता भए नभएको निर्क्योल गर्नु पर्दछ ।

हुनै पर्ने :
विद्यालयमा अभिभावक भेला हुने गरेको, अभिभावक शिक्षक संघ भएको र सामाजिक लेखा परिक्षण भएको ।

बालबालिकाले गर्नसक्ने :
विद्यालयले मान्ने गरेको ठूलो समस्या अभिभावकहरु विद्यालयमा नआउनु हो । वास्तवमा अभिभावक विद्यालयसम्म नगएको अवस्थामा विद्यालयले आफ्नो योजना निर्माण गर्न सक्दैन । यस्तो हुँदा निर्णय प्रक्रियामा अवरोध हुनसक्छ । विद्यालयको पारदर्शितामा पनि शंका गर्ने प्रशस्तै स्थानहरु रहनसक्छ । विद्यालयले पनि आफ्नो आय ब्यय, प्राप्त उपलब्धीहरुका बारेमा जानकारी गराउन पाउँदैन । यदि विद्यालयमा नियमित रुपमा अभिभावक भेला हुने गरेको छ र त्यस्ता भेलाहरुमा अभिभावकहरुको उपस्थिती भएको अवस्थामा विद्यालयका, विद्यार्थीका र स्वयम् अभिभावकका धेरै समस्याहरु समाधान हुन सक्ने अवस्था रहन्छ ।

हामी विद्यार्थीहरुले पनि अभिभावक भेला, अभिभावक शिक्षक संघको गठन र सामाजिक लेखा परिक्षण जस्ता विद्यालयका कार्यक्रमहरुमा सहयोग गर्न सक्छौं ।

- अभिभावक भेलाको बारेमा अभिभावकलाई जानकारी गराउने र सो कार्यक्रममा अनिवार्य उपस्थितीको लागि अनुरोध गर्ने ।

सामाजिक लेखा परिक्षण भन्ने वित्तिकै हामी आम्दानी र खर्चको मात्र कुरा बुझ्छौं । वास्तवमा सामाजिक लेखा परिक्षण आम्दानी र खर्चमा मात्र सिमित हुँदैन । यसले विद्यालयले निर्माण गरेको बार्षिक योजना र सोको कार्यान्वयन पक्ष, शैक्षिक प्रगतिको लक्ष्य र उपलब्धी आदि सबै कुराहरु पर्ने गर्छन् । बालबालिकाहरुले सामाजिक लेखा परिक्षण

कार्यक्रममा सहभागी जनाउने र बार्षिक योजना अनुसार भएका वा हुन नसकेका प्रगतिको बारेमा प्रश्न गर्न र सो बारेमा बुझ्नुपर्छ ।

## सेसन ९ : स्वास्थ्य, सुरक्षा र बचाउ

उद्देश्य :
- सहभागीहरुले विद्यालयमा स्वस्थ्य र सुरक्षाका लागि अपनाउनु पर्ने कुराहरुको पहिचान गर्नेछन् ।
- सहभागीहरुले स्वास्थ्य र सुरक्षाका लागि आफूले निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा बताउनेछन् ।

विधि :
- मष्तिस्क मन्थन
- समस्या वृक्ष
- समूह कार्य
- प्रस्तुतीकरण

समय : १२० मिनेट

आवश्यक सामग्री :

क्रियाकलाप :
- सहजकर्ताले समस्या वृक्ष निर्माणका लागि रुखको स्वरुप बनाउनका लागि सामग्रीहरु (जराको आकारमा काटिएको खैरो रंगको पेपर, डाँठ र हाँगाको आकारमा काटिएको पहेँलो वा अन्य कुनै रंगको पेपर र फलको आकारमा काटिएको रातो पेपर) तयार पार्ने ।
- सहभागीलाई तीन समूहमा विभाजन गर्ने ।
- सहभागीको एउटा समूहलाई हाम्रो विद्यालयमा स्वास्थ्य र सुरक्षा विरुद्ध हुने गरेका नराम्रा अभ्यासहरु के के छन् ? भन्ने प्रश्न सहभागीलाई गर्ने । सो प्रश्नको उत्तर जरा आकारको पेपरमा ठूलो अक्षरले लेख्न लगाउने ।
- अर्को समूहलाई हामीले के कस्तो समस्याहरु (स्वास्थ्य वा सुरक्षाको सवालमा) भोग्नु परेको छ ? भन्ने प्रश्न गर्ने । सो कुरा डाँठ आकारको पेपरमा लेख्न लगाउने ।
- अर्को समूहलाई हामीले विद्यालयमा भोग्नु परेको समस्याले के कस्तो परिणाम आएको छ ? भनेर प्रश्न गर्ने र फल आकारको पेपरमा लेख्न लगाउने ।
- सबै समूहले समूह कार्य सकेपछि सहजकर्ताले पालै पालो त्यसको प्रस्तुती गर्न लगाउने र सहभागीले लेखेको पेपरलाई भित्तामा टाँस्दै जाने । यसरी टाँसी सक्दा अन्त्यमा रुखको बनावट बन्ने कुरामा सहजकर्ताले हेक्का राख्नु पर्छ ।
- समस्या वृक्ष तयार भए पछि सहजकर्ताले समस्या, त्यसको कारण र परिणामको बारेमा ब्याख्या गर्ने ।
- सहभागीको पहिले बनेको समूहलाई पुनः ती समस्या आउन नदिन हामीले के गर्नु पर्छ ? भन्ने प्रश्नमा छलफल,

टिपोट र प्रस्तुती गर्न लगाउने ।

- सहजकर्ताले अन्त्यमा स्वास्थ्य, सुरक्षा र बचाउका लागि बनेको नीति र बालबालिकाले गर्न सक्ने भूमिकाको बारेमा प्रस्तुती गर्ने ।

**पाठ्यसामग्रीः**

शारीरिक एवम् मानसिक रुपमा स्वस्थ नभैकन हामी बालबालिकाको उचित विकास सम्भव हुदैन । हाम्रो स्वास्थ्यले हाम्रो सिकाइ र विद्यालयमा हुने अन्य क्रियाकलापहरुमा प्रभावकारी भूमिका खेलेको हुन्छ । विद्यालयमा हाम्रा लागि उपयुक्त सुरक्षाका उपायहरु अवलम्बन गर्नु पनि आवश्यक छ । विद्यालयको वातावरण, कक्षाकोठाहरु स्वस्थकर र सुरक्षित हुनु, शुद्ध खानेपानीको व्यवस्था हुनु, सफा शौचालय र ढलको व्यवस्था हुनु, व्यक्तिगत सरसफाइको बन्दोबस्त हुनु जरुरी छ । हामीलाई सम्भावित दुर्घटनाबाट बचाउन विद्यालयले विशेष ध्यान पुर्‍याउनु पर्ने हुन्छ ।

यी सबै कुराहरु विद्यालयले गरेर मात्र सम्भव हुदैन । हामी सबै बालबालिकाले आफ्नो आफ्नो स्थानबाट आफूले सक्ने काम गर्न र हामीले गर्नु नहुने जोखिमपूर्ण काम नगर्न पनि सक्नुपर्छ । नीतिगत रुपमा बालमैत्री विद्यालय राष्ट्रिय प्रारुपले निम्न न्यूनतम मापदण्डहरु तयार गरेको छ :

हुनै पर्ने :

- वर्षको दुई पटक विद्यालयका सबै बालबालिकाको स्वास्थ्य परीक्षण गरेको र हेरक बालबालिकाको व्यक्तिगत स्वास्थ्य विवरण दुरुस्त राखेको ।
- प्राथमिक उपचार बाकस उपलब्ध भएको, प्राथमिक उपचार कसरी गरिन्छ भन्ने विषयमा सबै शिक्षक एवम् ठूला बालबालिकाहरुलाई तालिम दिएको, वर्षको एकपटक आँखा, मुख र कानको परीक्षण गर्ने गरेको र सिकाइमा विशेष समस्या भएका बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक अवस्था परीक्षण गर्ने गरेको ।
- नियमित रुपमा जुकाको औषधी वितरण भएको
- विद्यालयमा प्रत्येक वर्ष खोप कार्यक्रम सञ्चालन गरेको र बालबालिकाले खोप लिएको नलिएको रेकर्ड राखेको र स्वास्थ्यसँग सम्बन्धित फोहोर फाल्ने बाकसको व्यवस्था भएको ।
- धुम्रपान मद्यपमन, लागूपदार्थ निषेधको लागि तयार गरिएको आचारसंहिताको पालना भए नभएको मूल्यांकन भएको ।
- विद्यालय दिनदिनै सफा गर्ने काममा बालबालिका लगायत सबेलाई नियमित रुपमा संलग्न गराएको ।
- बालबालिकाको व्यक्तिगत सरसफाईको नियमित जाँच गरी व्यक्तिगत सरसफाइ अवलम्बन गर्न सिकाएको र आवश्यकता अनुसार अभिभावकलाई पनि सम्पर्क गरेको ।
- विद्यालयमा शारीरिक दण्ड सजाय दिन नपाइने र बालबालिकाको पृष्ठभूमि र क्षमताको आधारमा कसैलाई मानसिक कष्ट, दुर्व्यवहार, घृणा गर्न नपाइने नीति नियम बनाइ लागू गरेको र सोको अनुगमन तथा मुल्यांकन गरेको ।
- विद्यालय भित्र र समुदायमा समेत हुने शारीरिक साजय, हेपाइ, यौन शोषण एवम् दुर्व्यवहारको अन्त्यका लागि विद्यालयमा स्पष्ट योजना तथा कार्यक्रमहरु भएको ।

बालबालिकाले गर्नसक्ने :

- स्वास्थ्यमा असर पर्ने खालका कुनै पनि प्रकारका खानेकुरा नखाने । सडेगलेका, बासी, फोहोर खानेकुराले हाम्रो स्वास्थ्यलाई असर पार्छ भन्ने कुरा बुझ्ने ।
- दालमोठ, बिस्कुट, चाउचाउ, चिप्स, चाउमिन, चकलेट, चीजबल जस्ता पहिल्यै बनेर पाकेटमा राखी खान तयार गरिएका खानेकुराहरु वगलप ायम (जङ्क फुड) हुन् । यस्ता खानेकुराले हाम्रो स्वास्थ्यमा नकारात्मक असर पार्ने हुनाले यी खानेकुरा नखाने । बरु दिउँसो खाजा खानका लागि घरबाट भुटेको मकै, सातु, बारीमा फलेका फलफुलहरु आदिको प्रयोग गर्न सकिन्छ ।
- व्यक्तिगत सरसफाईमा विशेष ध्यान दिनु पर्छ । हरेक दिन नुहाउने, नङ काट्ने, लुगा धुने, हात धुने जस्ता क्रियाकलाप दैनिक गर्नु पर्दछ ।
- विद्यालयमा भएको प्राथमिक उपचार बाकसको प्रयोग गर्ने । प्रयोग गर्न नजानेमा शिक्षक वा विद्यालयकै ठूला दिदी दाजुहरुसँग सहयोग लिने ।
- विद्यालयमा भएको प्राथमिक उपचार बाकसको सुरक्षा र संरक्षण गर्नु हाम्रो दायित्व हो । बाकसको सामग्री सकिएको वा त्यहाँ भएका सामग्रीको मिति समाप्त भएको फेला परेमा सम्बन्धित शिक्षकलाई जानकारी गराउने ।
- कुनै साथीहरुलाई चोटपटक लागेमा प्राथमिक उपचार बाकसको प्रयोग गर्न सल्लाह दिने र सहयोग गर्ने ।
- विद्यालय वा समुदायले आयोजना गरेको खोप कार्यक्रमहरुमा सहभागी हुने र अरुलाई पनि सहभागी हुन प्रोत्साहित गर्ने ।
- विद्यालयमा धुमपान, मद्यपान निषेध सम्बन्धी आचारसंहिताको निर्माण गर्न शिक्षकहरुलाई सहयोग गर्ने र सो आचारसंहिताको पालना गर्ने ।
- चुरोट, खैनी, गुट्खा जस्ता हानीकारक वस्तुहरुको प्रयोग नगर्ने ।
- विद्यालयको सरसफाई कार्यमा सहभागी हुने ।
- विद्यालयलाई दुर्गन्धित पार्ने कागजका टुक्रा, खानेकुराका खोलहरु जस्ता वस्तु जतातते नफाल्ने । त्यस्ता वस्तुहरु विद्यालयले राखेको डस्टबीनमा फाल्ने । कुनै कारणवश विद्यालयले डस्टबीनको व्यवस्था गर्न नसकेको अवस्थामा हामी आफैले पनि त्यसको व्यवस्था गर्न सक्छौं ।
- हामी शिक्षकहरुले कुनै पनि प्रकारको दण्ड एवम् सजाय नदिउन् भन्ने चाहन्छौं भने हामीले पनि हाम्रा साथीहरुलाई हेला, दुर्व्यवहार, घृणा, भेदभाव जस्ता नराम्रा व्यवहार गर्नु हुदैन । यस्ता क्रियाकलाप मानसिक रुपमा, शारीरिक रुपमा र सामाजिक रुपमा हानिकारक हुन्छन् ।
- कसैलाई पनि कुनै पनि प्रकारका दुर्व्यवहार, यौन जन्य दुर्व्यवहार नगर्ने र त्यस्ता व्यवहारको विरोध गर्ने ।
- साना, कमजोर, शारीरिक वा मानसिक रुपमा अशक्त भएका साथीहरुलाई हेप्ने, जिस्काउने जस्ता क्रियाकलाप नगर्ने र त्यस्ता क्रियाकलापको विरोध गर्ने ।
- विद्यालयमा बनेको शारीरिक दण्ड सजाय, यौन दुर्व्यवहार, घृणा, हेपाइ, उपेक्षा, अपहेलना सम्बन्धी आचारसंहिताको पालना गर्ने र सोको मुल्यांकन गर्ने । यसरी बनेका आचारसंहिता अपुरो वा अन्य पालना गर्नुपर्ने कुराहरु थप गर्नुपर्ने स्थिती आएमा विद्यार्थी साथीहरु र शिक्षकहरुसँग सरसल्लाह गरी थप गर्न पहल गर्ने ।
- विद्यालयमा भएका संरचनाहरुको सुरक्षा गर्ने । झ्याल, ग्रील, पर्खाल जस्ता जोखिमपूर्ण स्थानहरुमा चढ्ने वा खेल खेल्ने काम नगर्ने ।

## सेसन १० : शिक्षण सिकाई प्रक्रियामा बालबालिकाको सहभागिता

उद्देश्य :

- सहभागीहरुले शिक्षण सिकाई प्रक्रियामा आफ्नो सहभागिताको महत्व र आवश्यकताको बारेमा थाहा पाउनेछन् ।
- शिक्षण सिकाई प्रक्रियामा आफ्नो सहभागिता हुने प्रक्रियाको बारेमा छलफल गर्नेछन् ।

विधि :

- खेल
- मष्तिस्क मन्थन
- लघु प्रवचन

समय :

- १२० मिनेट

आवश्यक सामग्री :

- न्यूजप्रिन्ट, मार्कर, पेपर टेप, सन्दर्भ सामग्री

क्रियाकलाप :

- सहभागीलाई गोलो घेरा बनाएर राख्ने र आफूसँग भएको एक एक ओटा सामान नदोहोरिने गरी एउटा झोला वा कार्टुनमा हाल्न लगाउने ।
- सबै सामान संकलन गरिसकेपछि ती सामानहरुलाई सहभागीको बीचमा पोख्ने ।
- प्रत्येक सामानले के काम गर्छ भनी प्रश्न गर्ने ।
- अब सबैलाई पालै पालो ती सामान आफूले गर्ने भन्दा फरक काम गरेर देखाउन लगाउने । जस्तै कापीलाई ऐनको रुपमा, कलमलाई गाजलको रुपमा प्रयोग गर्न सकिन्छ ।
- यो खेल खेल्दा एउटा सहभागीले गरेको अभ्यास अर्कोले गर्नु नहुने । कुनै एउटा वस्तुलाई एउटा सामान बनाइसकेको रहेछ भने सोही रुपमा अर्कोले प्रयोग गर्न नपाउने । जस्तैः कापीलाई ऐनाकै रुपमा र कलमलाई गाजलकै रुपमा प्रयोग गर्न पाइदैन । तर, कापीलाई थाल र कलम लठ्ठीको रुपमा प्रयोग गर्न भने पाइन्छ ।
- एक पटकमा एकजनाले एउटा भन्दा बढी सामानको प्रयोग गर्नु पर्दछ । कुनै सहभागीले आफ्नो गतिविधि देखाइरहँदा उसले मैले यो वा त्यो गर्न खोजेको भन्न पाउँदैन ।
- यसरी क्रियाकलाप गरिरहँदा नयाँ साथीलाई के गर्ने ? भन्ने खुल्दुली मेटाउन पहिलेको सहभागीले सिकाउन पाउने कुराको छुट दिने । तर, सबै सहभागीले कुनै न कुनै क्रियाकलाप गर्ने पर्छ भन्ने नियम बनाउने ।
- सबै सहभागीले आफ्नो आफ्नो क्रियाकलाप गरिसके पछि सबैलाई सामान फिर्ता गर्ने र आफ्नो स्थानमा बस्न लगाउने र खेलको समिक्षा गर्ने ।
- खेलको समिक्षा गर्न निम्न प्रश्नहरु गर्न सकिन्छ ?

१. खेल कस्तो लाग्यो ?

२. यो खेल पहिले खेलेको थियो कि थिएन ?

३. पहिले नखेलेको हुँदा नदेखी, नजानी यो खेल खेल्न सकिन्थ्यो ?

४. यो खेलको लागि सामग्रीहरु कसले ल्यायो ?

५. के खेल खेलाउने शिक्षकले सबै सामग्री ल्याएर खेल खेलाउन सम्भव छ ?

६. एउटा वा दुई ओटा मात्र सामग्रीले यो खेल खेल्न सम्भव छ ?

- माथिका प्रश्नहरु सोधि सके पछि खेललाई सिकाई प्रक्रियामा जोड्दै जाने । जसरी खेल खेल्नको लागि खेल खेलाउने एक जना सहजकर्ताको प्रयास, उसले ल्याएको सामग्रीलेमात्र असम्भव थियो, सिकाई प्रक्रिया पनि त्यस्तै हो । एकल प्रयासले, थोरै सामग्री (किताब र कापी मात्र)ले सिकाई प्रक्रिया पनि असम्भव हुने कुरा बताउने ।
- त्यसपछि नीतिमा भएका कुरा र बालबालिकाले गर्नसक्ने भूमिकाको बारेमा सहजकर्ताले आफ्नो प्रस्तुतीकरण गर्ने ।

**पाठ्यसामग्रीः**

सरसर्ती हेर्दा यसमा शिक्षकको भूमिका देखिन्छ । तर, हामी बालबालिका पनि यसमा बराबर हिस्सेदार छौँ । विद्यार्थीलाई सिकाउने वा सिक्ने वातावरणको व्यवस्थापन गर्ने प्रक्रियाालई शिक्षण सिकाई प्रक्रिया भनिन्छ । तर, हामी बालबालिकाले सिकाउन सक्ने वातावरणको निर्माण गर्न नसकेको अवस्था शिक्षकहरुले सिकाउन सक्दैनन् ।

बालबालिकाको अन्तरनिहीत क्षमताको प्रस्फुटन गर्न गराउन कक्षाकोठामा मात्र शिक्षण सिकाई प्रक्रियालाई सीमित राख्न हुदैन । समुदाय, वातावरणबाट पनि धेरै कुराहरु सिकाउन सक्ने भएको हुँदा बालबालिकालाई गीत, नाच, खोजपूर्ण कार्य, कथा, खेल जस्ता मनोरञ्जनात्मक क्रियाकलापमा पनि संलग्न गराउनु पर्छ भन्ने मान्यता रहेको छ। हामी बालबालिकाले पनि त्यस्ता क्रियाकलापहरुमा निर्धक्कसँग भाग लिन र सहभागी हुन तयार रहनु पर्दछ ।

हुनै पर्ने :

- शैक्षिक सत्रको सुरुमै सबै विषयको पाठ्यपुस्तक लगायत स्थानीय तवरमा बनेका अन्य पाठ्यसामग्रीहरु सबै विद्यार्थीले पाएको ।
- मूल्य नपर्ने र कम मूल्य पर्ने शिक्षक तथा विद्यार्थी निर्मित वा संकलित सामग्रीहरु हरेक कक्षामा व्यवस्था तथा प्रयोग भएको ।
- कक्षाकोठामा पाठ्यक्रमसँग सम्बन्धीत सामग्रीहरु प्रदर्शन गरेको ।
- शिक्षण सिकाईमा समुदायको रेखदेख र सहयोग हुने गरेको ।
- विद्यार्थीको चौतर्फी विकासको लागि हप्ताको एकपटक अतिरिक्त क्रियाकलाप हुने गरेको ।

बालबालिकाले गर्न सक्ने :

- नियमित विद्यालय जाने, विद्यालयबाट नभाग्ने र किताब, कापी, कलम, झोला, विद्यालय पोशाकको सुरक्षा गर्ने ।
- शैक्षिक सामग्री निर्माण, प्रयोग तथा संरक्षणमा शिक्षकहरुलाई सहयोग गर्ने ।
- विद्यालयको पढाई, शिक्षकहरुको व्यवहार, विद्यालयको व्यवस्थापनको सहयोग, पृष्ठपोषणका लागि सकेसम्म पाक्षिक रुपमा वा मासिक रुपमा विद्यालयको भ्रमण गर्न र शिक्षकहरुसँग अन्तर्क्रिया गर्न अभिभावकहरुलाई  भन्ने ।
- विद्यालयले आयोजना गरेको अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने र अरुलाई पनि अवसर प्रदान गर्ने ।

## सेसन ११ : विद्यालयमा बालक्लब र बालक्लबमा प्रजातान्त्रिक अभ्यास

उद्देश्य :

- सहभागीहरुले विद्यालयमा बालक्लबको आवश्यकताको बारेमा थाहा पाउनेछन् ।
- सहभागीहरुले बालक्लबमा कसरी प्रजातान्त्रिक अभ्यास गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्नेछन् ।
- सहभागीले बालक्लबले विद्यालयमा शिक्षण सिकाई प्रक्रियामा खेल्ने भूमिकाको बारेमा जानकारी प्राप्त गर्नेछन् ।

विधि :

- मष्तिस्क मन्थन
- समूह छलफल
- प्रस्तुतीकरण
- लघु प्रवचन

समय :

- १२० मिनेट

आवश्यक सामग्री :

- न्यूजप्रिन्ट, मार्कर, पेपर टेप

क्रियाकलाप :

- सहभागीलाई बालक्लब के हो ? र विद्यालयमा बालक्लब किन ? भन्ने प्रश्ने गर्ने ।
- सहभागीले भनेको कुराहरु न्यूजप्रिन्टमा टिप्दै जाने ।
- सबै सहभागीको प्रस्तुती पछि सहजकर्ताले बालक्लब र बालक्लबको आवश्यकताको बारेमा जानकारी गराउने ।
- सहभागीलाई चार समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई तल दिइएका एक एकओटा बुँदामा छलफल गरी ती परिणाम ल्याउनका लागि बालक्लबले के के गर्न सक्छ ? भन्ने विषयमा टिपोट गरी प्रस्तुती गर्न लगाउने ।

१. विद्यालयमा गठन भएको बालक्लबमा सबै बालबालिकाहरु समान रुपमा सहभागी हुन पाउनु पर्छ र सोही अनुसार नेतृत्व सीपको विकास गर्न पाउनु पर्दछ ।

२. बालक्लबका सदस्यहरुले नेतृत्व सीपको विकास गर्ने अवसर समान रुपमा पाउनु पर्छ र यो प्रक्रियामा वयष्क वा संरक्षकको हस्तक्षेप हुनु हुँदैन ।

३. बालक्लबले गर्ने निर्णय प्रक्रियामा प्रजातान्त्रिक अभ्यास भएको हुनुपर्दछ । यस्तो प्रक्रियामा सबैको समान सहभागिताको सुनिश्चितता हुनु पर्दछ । निर्णय प्रक्रिया पुरा भएपछि सुझावका लागि वयष्क वा संरक्षकसँग छलफल भएको हुनुपर्दछ ।

४. बालक्लबले गर्ने कार्यक्रम वा बालक्लब सहभागी हुनुपर्ने कार्यक्रममा सबै सदस्यको समान अवसरको सुनिश्चितता

हुनु पर्दछ ।

- सहभागीको प्रस्तुती पछि सहजकर्ताले निम्न विषयमा केन्द्रित रही आफ्नो प्रस्तुतीकरण गर्ने ।

१. बालक्लबमा समान सहभागिता किन र कसरी ?

२. बालक्लबमा प्रजातान्त्रिक अभ्यास के हो ? किन ? र कसरी हुन्छ ?

३. बालक्लबमा भएको कस्तो अवस्थाको अभ्यासलाई प्रजातान्त्रिक अभ्यास मान्ने ?

**पाठ्यसामग्री :**

विद्यालय हामी बालबालिकाको लागि शिक्षा हासिल गर्नको लागि सहभागी हुने स्थान हो। यहाँ हामी विभिन्न शिक्षावर्द्धक कुराहरु सिक्छौँ। भने, बालक्लब विभिन्न अतिरिक्त क्रियाकलाप गर्ने एवम् जीवनउपयोगी सीप र क्षमता विकास गर्ने थलो हो। बालक्लबले हामी बालबालिकाहरुलाई नेतृत्व गर्ने, निर्णय गर्ने लगायत प्रजातान्त्रिक अभ्यास गर्ने सीप प्रदान गर्दछ।

बालक्लब के हो ?

बालबालिकाहरुको सहभागिता गर्न पाउने तथा व्यक्तित्व विकास गर्ने अधिकारको व्यवहारिक कार्यान्वयन गर्नका लागि बालबालिकाहरुलाई संगठित गरी बनाइएको समूह बालक्लब हो।

विद्यालयमा बालक्लब किन ?

विद्यालयमा हामी बालबालिकाहरुले धेरै कुराहरु सिकिरहेका हुन्छौँ। बालमैत्री विद्यालयमा पाठ्यपुस्तकमा भएका विषयवस्तुहरुलाई रमाइलो र मनोरञ्जनात्मक शैलीले सबैले बुझ्ने गरी शिक्षकहरुले हामीलाई सिकाउनु हुन्छ। तर, त्यतिले मात्र हाम्रो दीर्घ जीवनलाई सुनिश्चित गर्न पर्याप्त हुदैन। त्यसैले बालक्लबको अवधारणालाई विद्यालयमा पनि प्रयोग गर्ने गरिएको छ र बालक्लबको माध्यमबाट बालबालिकाहरुले धेरै रचनात्मक एवम् सृजनात्मक क्रियाकलाप गर्ने आफ्नो क्षमताको विकास गर्ने गरेको पाइन्छ। निम्न उद्देश्यका लागि विद्यालयमा बालक्लबको आवश्यकता छ :

- बोल्ने, लेख्ने सीपको विकास गर्न
- नेतृत्व सीपको विकास गर्न
- जातीय, लैङ्गिक भेदभाव हटाउन
- मेलमिलापको भावनाको विकास गर्न
- बालबालिकाप्रति गरिने अमानवीव व्यवहारको रचनात्मक शैलीमा विरोध गर्न
- एक आपासमा सहयोगको भावना वृद्धि गर्न
- रचनात्मक एवम् सिर्जनात्मक क्षमताको विकास गर्न

हुनै पर्ने :

- विद्यालयमा गठन भएको बालक्लबमा सबै बालबालिकाहरु समान रुपमा सहभागी हुन पाउनु पर्छ र सोही अनुसार नेतृत्व सीपको विकास गर्न पाउनु पर्दछ।
- बालक्लबका सदस्यहरुले नेतृत्व सीपको विकास गर्ने वसर समान रुपमा पाउनु पर्छ र यो प्रक्रियामा वयष्क वा संरक्षकको हस्तक्षेप हुनु हुदैन।
- बालक्लबले गर्ने निर्णय प्रक्रियामा प्रजातान्त्रिक अभ्यास भएको हुनुपर्दछ। यस्तो प्रक्रियामा सबैको समान

सहभागिताको सुनिश्चितता हुनु पर्दछ । निर्णय प्रक्रिया पुरा भएपछि सुझावका लागि वयष्क वा संरक्षकसँग छलफल भएको हुनुपर्दछ ।

- बालक्लबले गर्ने कार्यक्रम वा बालक्लब सहभागी हुनुपर्ने कार्यक्रममा सबै सदस्यको समान अवसरको सुनिश्चितता हुनु पर्दछ ।

भाइबहिनीहरु, विद्यालयमा स्थापना भएको बालक्लब सञ्चालनका क्रममा कहिल काहिँ नेतृत्व प्रदान गर्ने अभ्यासमा र निर्णयको पक्रियामा वयष्कले गर्ने हस्तक्षेप बाहेक अन्य सबै प्रक्रियामा बालबालिकाहरु जिम्मेवार हुने गर्छन् । त्यसैले बालक्लबलाई प्रजातान्त्रिक, समतामूलक बनाउने कुरामा बालबालिका नै प्रमुख सरोकारवाला हुन् । बालक्लबको माध्यमबाट हामी कस्तो बन्ने ? र हाम्रो बालक्लबलाई कस्तो बनाउने ? भन्ने कुराको निर्देशित गर्ने जिम्मेवार व्यक्ति नै हामी बालबालिका हौँ ।

बालक्लबमा हुनै पर्ने :
विद्यालयमा गठन भएको बालक्लबमा सबै बालबालिकाहरु समान रुपमा सहभागी हुन पाउनु पर्छ र सोही अनुसार नेतृत्व सीपको विकास गर्ने अवसर पाउनु पर्दछ ।

बालक्लबले गर्नुपर्ने :

- बालक्लब गठन गर्नुपूर्व बालक्लबको बारेमा जानकारी गराउने प्रक्रियामा सहभागी हुने र उक्त प्रक्रियामा सहयोग गर्ने ।
- बालक्लबको पुनर्गठन गर्नुपूर्व बालक्लबमा सहभागी हुन अन्य साथीहरुलाई प्रोत्साहन गर्ने ।
- बालक्लबको नेतृत्व गर्ने कार्यमा इच्छा जाहेर गर्ने र सो अनुसारको क्षमताको विकास गर्दै जाने ।
- बालक्लब भनेको सबै सदस्यहरुको क्षमता विकास गर्ने थलो भएको हुँदा बालक्लबको पुनर्गठन गर्दा नेतृत्व हस्तान्तरण गर्नु पर्दछ ।
- कुनै पनि सदस्यले अध्यक्ष, सचिव जस्ता महत्वपूर्ण पदहरु ओगटेर बस्नु हुदैन । एक कार्यकाल पूरा गरे पछि सो पद अन्य सदस्यहरुलाई हस्तान्तरण गर्दै जानु पर्दछ ।
- आफू १८ वर्ष पुगेपछि बालक्लबबाट निस्कन तयार हुनु पर्दछ ।
- विद्यालयको हकमा विद्यालयमा भएको अन्तिम कक्षा पास गरे पश्चात् सो बालक्लबको सदस्यता स्वतः रद्द हुने कुरामा निश्चित हुनु पर्दछ र आफुले सम्हालेको पद हस्तान्तरण गर्नु पर्दछ ।

हुनै पर्ने :

- बालक्लबले गर्ने निर्णय प्रक्रियामा प्रजातान्त्रिक अभ्यास भएको हुनुपर्दछ । यस्तो प्रक्रियामा सबैको समान सहभागिताको सुनिश्चितता हुनु पर्दछ । निर्णय प्रक्रिया पुरा भएपछि सुझावका लागि वयष्क वा संरक्षकसँग छलफल भएको हुनुपर्दछ ।

बालक्लबले गर्नुपर्ने :

- बालक्लब प्रजातान्त्रिक अभ्यास गर्ने स्थान भएको हुनाले बालक्लबले गर्ने सबै निणर्यहरु सामुहिक छलफलको आधारमा गर्नुपर्दछ ।
- बालक्लबले छलफल गर्ने विषयवस्तुको बारेमा सबै सदस्यहरुलाई जानकारी गराउनु पर्दछ ।
- सबैको विचारलाई सम्मान गर्नुपर्दछ र निर्णय प्रक्रियामा स्थान दिनु पर्दछ ।

- निर्णय प्रक्रिया पूरा भएपछि वयष्क वा संरक्षक सँग सो निर्णयको बारेमा सुझाव लिनु पर्दछ र उक्त सुझाव बैठकमा प्रस्तुत गर्नुपर्दछ ।

हुनै पर्ने :

- बालक्लबले गर्ने कार्यक्रम वा बालक्लब सहभागी हुनुपर्ने कार्यक्रममा सबै सदस्यको समान अवसरको सुनिश्चितता हुनु पर्दछ ।

बालक्लबले गर्नुपर्ने :

- बालक्लबले नेतृत्व गर्ने सीप प्रदान गर्ने हुँदा बालक्लबले गर्ने कार्यक्रमको नेतृत्वको जिम्मा समान रुपमा सदस्यहरुलाई प्रदान गर्नु पर्दछ ।
- बालक्लब सहभागी हुनु पर्ने कार्यक्रम, सभा, तालिम, गोष्ठि जस्ता कार्यक्रमहरुमा अध्यक्ष र सचिवले मात्र सहभागी जनाउने गरेको गलत अभ्यास विद्यमान छ । बालक्लबका सबै सदस्यहरु समान हैसियत राख्ने हुनाले यस्ता कार्यक्रमहरुमा सहभागी हुने अवसर सबैले पाउनु पर्छ । त्यसैले यसका लागि पालै पालो सहभागी हुने नियम बनाउन सकिन्छ ।

यसका अतिरिक्त बालक्लबले आफ्ना सदस्यहरुका लागि सबैको सहभागितामा आचारसंहिता निमार्ण गरि लागू गर्नु पर्दछ । बालक्लबले निर्माण गरेको आचारसंहितामा निम्न बुँदाहरुलाई अनिवार्य गर्न सकिन्छ :

- बालक्लबका कुनै पनि सदस्यले कसैलाई पनि कुनै पनि प्रकारका भेदभाव, हेला तथा दुर्व्यवहार नगर्ने ।
- विद्यालयको विकास र विद्यालयलाई बालमैत्री बनाउने प्रक्रियामा सदैव तत्पर रहने र शिक्षकहरुसँग हातेमालो गर्दै जाने ।
- बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुलाई रचनात्मक शैलीमा प्रस्तुत गर्ने ।
- कुनै पनि सदस्यले सुर्तीजन्य पदार्थहरु (चुरोट, खैनी, गुट्खा जस्ता) सेवन नगर्ने ।
- यौन जन्य क्रियाकलापको कुनै पनि अवस्थामा विरोध गर्ने र पीडितको पक्षमा वकालत गर्ने ।
- कुनै पनि अवस्थामा विद्यालयको पढाईलाई निरन्तरता दिने र कमजोर साथीलाई सिक्नका लागि सहयोग गर्ने ।